
# प्रादेशिक आर्थिक गतिविधि अध्ययन
# (मधेश प्रदेश)

## अर्ध-वार्षिक प्रतिवेदन

(आ.व.२०८०/८१)




**नेपाल राष्ट्र बैंक**

**जनकपुर कार्यालय**

(२०८१ असार)

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन, २०७३ समेत) को दफा १२ मा बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मूल्य स्थिरता, मुद्राप्रदाय, निक्षेप, कर्जा, सरकारी वित्त, वैदेशिक व्यापार, शोधनान्तर स्थिति तथा विदेशी विनिमय लगायतका विषयमा तथ्याङ्क संकलन तथा विश्लेषण गरी सोको नियमित रुपले प्रकाशन गर्नुपर्ने व्यवस्थाबमोजिम देशको समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रका तथ्याङ्कहरूको संकलन, अध्ययन एवम् विश्लेषण गरी सोसम्बन्धी प्रतिवेदनहरू नियमित रुपमा सार्वजनिक गर्दै आएको छ ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भएपश्चात् केन्द्रीय बैंकको भूमिकालाई प्रादेशिक स्तरसम्म पुऱ्याउने अभिप्रायले सबै प्रदेशमा बैंकको प्रादेशिक कार्यालय स्थापनाको साथै आर्थिक गतिविधि अध्ययनको लागि तोकिएका जिल्लाहरूको संख्या ५८ बाट ७७ पुऱ्याइएको छ । मधेश प्रदेशको यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन **"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)"** मा आधारित भई तयार पारिएको छ । उक्त मार्गदर्शन अनुसार मधेश प्रदेशका ८ वटा जिल्लाहरूमध्ये जनकपुर कार्यालय अन्तर्गत ५ वटा जिल्ला (सप्तरी, सिराहा, धनुषा, महोत्तरी र सर्लाही) तथा वीरगञ्ज कार्यालय अन्तर्गत ३ वटा जिल्ला (रौतहट, बारा र पर्सा) सहितको आर्थिक वर्ष २०८०/८१ को प्रथम अर्ध-वार्षिक अवधिमा भएका आर्थिक गतिविधिहरूको तथ्याङ्क संकलन गरी सोको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

मधेश प्रदेशका ८ वटै जिल्लाहरूको कृषि, उद्योग, सेवाका साथै पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरूसँग सम्बन्धित तथ्याङ्क र सोको विश्लेषण यो प्रतिवेदनमा समेटिएको छ । क्षेत्रगत आर्थिक गतिविधिको तथ्याङ्कीय अवस्थाका साथै प्रत्येक क्षेत्रमा विद्यमान समस्या/चुनौती र सम्भावनाहरूलाई समेत प्रतिवेदनमा प्रस्तुत गरिएको छ । मधेश प्रदेशका जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ भने सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा आगामी वर्ष तथा बाँकी अवधिको परिदृश्य चित्रण गरिएको छ ।

नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयले मधेश प्रदेशको (८ वटा जिल्ला सहितको) प्रादेशिक आर्थिक अवस्था, विद्यमान समस्या/चुनौती, सम्भावना एवम् परिदृश्यका बारेमा वार्षिक एवम् अर्ध-वार्षिक आर्थिक प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । यस क्रममा आर्थिक वर्ष २०८०/८१ को अर्ध-वार्षिक प्रतिवदेन सबैको जानकारीको लागि सार्वजनिक गरिएको छ । यसबाट मधेश प्रदेशलगायत अन्य सम्बद्ध निकायहरुलाई मधेश प्रदेशको प्रमुख आर्थिक परिसूचकहरुको बारेमा जानकारी प्राप्त गर्न र नीति निर्मातालाई उपयुक्त नीति निर्माण गर्न सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

**निर्देशक**
माधव दंगाल
**नेपाल राष्ट्र बैंक**
जनकपुर कार्यालय

# विषयसूची


भूमिका ........ i
कार्यकारी सारांश ........ vi
परिच्छेद-१ परिचय ........ १
१.१ पृष्ठभूमी ........ १
१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन ........ १
१.३ अध्ययन प्रतिवेदनको सीमा ........ २
१.४ अध्ययन प्रतिवेदनको ढाँचा ........ २
**परिच्छेद-२ प्रदेशको तुलनात्मक स्थिति ........ ३**
२.१.२ कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान ........ ४
२.१.३ प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ........ ४
**परिच्छेद-३ कृषि क्षेत्र ........ ८**
३.१ प्रमुख कृषि बालीले ओगटेको भू-क्षेत्र ........ ८
३.१.१ खाद्य तथा अन्य बाली ........ ८
३.१.२ फलफूल तथा मसला ........ ९
३.२ कृषि उत्पादन ........ ९
३.२.१ खाद्य तथा अन्य बाली ........ ९
३.२.२ तरकारी तथा बागवानी ........ १०
३.२.३ फलफूल तथा मसला ........ १०
३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन ........ ११
३.३.१ पशुपन्छीजन्य उत्पादन ........ ११
३.३.२ माछा उत्पादन ........ ११
३.३.३ वनजन्य उत्पादन : ........ १२
३.४ सिँचाई तथा मौसम ........ १२
३.५ क्षेत्रगत कृषि कर्जा ........ १३
३.६ सहुलियतपूर्ण कर्जा ........ १३
**परिच्छेद-४ उद्योग क्षेत्र ........ १७**
४.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन ........ १७
४.२ समग्र औद्योगिक कर्जा स्थिति ........ १८
४.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति ........ १८
४.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना ........ १९
**परिच्छेद-५सेवा क्षेत्र ........ २१**
५.सेवा क्षेत्र ........ २१
५.१ पर्यटन ........ २१
५.२. सार्वजनिक निर्माण तथा रियलस्टेट ........ २१
५.३ वित्तीय सेवा ........ २१
५.४ निक्षेप तथा कर्जा स्थिति ........ २२
५.५ यातायात ........ २२
५.६ सेवा क्षेत्र कर्जा ........ २३
५.७ सहकारी ........ २४

५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना ........ २४
**परिच्छेद-६ पूर्वाधार र रोजगारी** ........ २६
६.१ पूर्वाधार क्षेत्र ........ २६
६.१.१ जयनगर-जनकपुर-कुर्था रेलवे ........ २६
६.१.२ काठमाडौं-तराई मधेश द्रुतमार्ग ........ २६
६.१.३ हुलाकी राजमार्ग ........ २७
६.१.४ निजगढ अन्तर्राष्ट्रिय विमानस्थल ........ २७
६.२.रोजगारी ........ २८
६.२.१ वैदेशिक रोजगारी ........ २८
६.२.२ आन्तरिक रोजगारी ........ २८
६.३ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना ........ २९
**परिच्छेदः ७ प्रादेशिक कार्यक्रम तथा योजना** ........ ३१
७.१ मधेश प्रदेशको सरकारी वित्त स्थिति ........ ३१
७.२ मधेश प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति ........ ३१
**परिच्छेदः ८ आर्थिक परिदृश्य** ........ ३३
८.१ प्रदेशको आर्थिक परिदृश्य ........ ३३
८.१.१ कृषि तथा वनजन्य उत्पादन ........ ३३
८.१.२ औद्योगिक उत्पादन ........ ३३
८.१.३ सेवा क्षेत्र ........ ३४
८.१.४ पूर्वाधार क्षेत्र ........ ३४

## तालिका सूची

**शीर्षक**


| | |
|---|---|
| | **पेज नं.** |
| तालिका २.१: वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति | ५ |
| तालिका ३.१: तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र (हेक्टरमा) | ९ |
| तालिका ३.२: मधेश प्रदेशका विभिन्न जिल्लामा कृषि बालीको उत्पादन (मे.टनमा) | १० |
| तालिका ३.२: मधेश प्रदेशमा तरकारी तथा बागवानी उत्पादन (मे.टनमा) | १० |
| तालिका ३.३: मधेश प्रदेशकोपशुपंक्षीजन्य उत्पादन | ११ |
| तालिका ३.४: मधेश प्रदेशमा माछा उत्पादन स्थिति (मे.टनमा) | १२ |
| तालिका ३.५: मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा (रु.दश लाखमा) | १३ |
| तालिका ३.६: मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा (रु.दश लाखमा) | १३ |
| तालिका ४.१: जिल्लागतउद्योग क्षेत्र कर्जाको स्थिति (रु.दश लाखमा) | १८ |
| तालिका ५.१: सार्वजनिक निर्माण तथा रियलस्टेट | २१ |
| तालिका ५.२: बैंक तथा वित्तीय संस्थाका शाखाहरू | २२ |
| तालिका ५.३: मधेश प्रदेशमा यातायातको स्थिति | २३ |
| तालिका ५.४: सेवा क्षेत्र कर्जाको स्थिति (रु.दश लाखमा) | २३ |
| तालिका ५.५: जिल्लागत सेवा क्षेत्र कर्जा (रु.दश लाख) | २३ |
| तालिका ६.१: श्रम स्वीकृति लिनेहरूको संख्या | २८ |
| तालिका ७.१: मधेश प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति | ३२ |

# चार्ट सूची


| शीर्षक | पेज नं. |
| --- | --- |
| चार्ट २.१: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) | ३ |
| चार्ट २.२: कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा) | ४ |
| चार्ट २.३: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर | ४ |
| चार्ट ३.१: खाद्य तथा अन्य बालीहरूले ढाकेको क्षेत्रफल ( हेक्टरमा) | ८ |
| चार्ट ३.२: सिञ्चित भूमिको क्षेत्रफल (हेक्टरमा) | १२ |
| चार्ट ४.१ नमुना छनौटमा परेका उद्योगहरुको क्षमता उपयोगिता | १७ |
| चार्ट ४.२: औद्योगिक कर्जा लगानी स्थिति (रु.दश लाखमा) | १९ |
| चार्ट ५.१: निक्षेप तथा कर्जा स्थिति (रु.दश लाखमा ) | २२ |
| चार्ट ५.२ : पूँजी, बचत र ऋण लगानीको अवस्था (रु.दश लाखमा ) | २४ |

# कार्यकारी सारांश

मधेश प्रदेशका ८ वटा जिल्लाहरूमा भएका आर्थिक गतिविधिहरु स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क एवम् राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको तथ्याङ्कका आधारमा तयार गरिएको आर्थिक वर्ष २०८०/८१ को प्रथम अर्ध–वार्षिक अध्ययन प्रतिवेदनको सार संक्षेप निम्नानुसार रहेको छ ।

**समष्टिगत आर्थिक स्थिति**

१. आर्थिक वर्ष २०७९/८० को कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.५३ खर्ब ४८ अर्ब रहने अनुमान राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको छ । त्यस्तै, मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.७ खर्ब ३ अर्ब रहने अनुमान छ ।

२. आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर आधारभूत मूल्यमा १.९५ प्रतिशत र मधेश प्रदेशको आर्थिक वृद्धिदर १.५० प्रतिशत रहने संशोधित अनुमान छ ।

३. यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान कृषि, वन तथा मत्स्य क्षेत्रको (३५ प्रतिशत) रहेकोमा सबैभन्दा कम योगदान खानी तथा उत्खनन क्षेत्रको (०.१५ प्रतिशत) रहेको छ ।

**कृषि**

४. समीक्षा अवधिमा मधेश प्रदेशमा खाद्य तथा अन्य बालीले ओगटेको क्षेत्रफलमा ८.०१ प्रतिशत, तरकारी तथा बागवानीले ओगटेको क्षेत्रफलमा १०.३२ प्रतिशतले र फलफूल तथा मसलाले ओगटेको क्षेत्रफलमा २.४३ प्रतिशतले वृद्धि भएको छ ।

५. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा ७.४९ प्रतिशत र तरकारी तथा बागवानी उत्पादनमा १.५७ प्रतिशतले कमी भएको छ भने फलफूल तथा मसला उत्पादनमा ५.५३ प्रतिशतले वृद्धि भएको छ ।

६. समीक्षा अवधिमा पशुजन्य उत्पादनतर्फ दूध र मासुको उत्पादन क्रमशः १०.१३ प्रतिशत र ४.७७ प्रतिशतले वृद्धि भएको छ भने अण्डाको उत्पादनमा १६.६५ प्रतिशतले कमी आएको छ । माछाको उत्पादन ९.६९ प्रतिशतले वृद्धि भएको छ । वनजन्य उत्पादनअन्तर्गत काठको उत्पादन ६५.७ प्रतिशतले वृद्धि भएको छ भने दाउराको उत्पादन ६८.६ प्रतिशतले घटेको छ ।

७. २०८० पुस मसान्तमा मधेश प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाबाट कृषि, माछापालन र वन क्षेत्रमा रु.५८ अर्ब ५२ करोड कर्जा प्रवाह भएको छ, जुन कुल कर्जाको १२.३८ प्रतिशत हुन आउँदछ ।

**उद्योग**

८. समीक्षा अवधिमा अध्ययनमा समेटिएका प्रमुख उद्योगहरूको उत्पादन क्षमता उपयोग औसतमा २९.६० प्रतिशत रहेको छ ।

९. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जामा १.१२ प्रतिशतले कमी आई रु.१ खर्ब १२ अर्ब ७५ करोड कायम भएको छ । गत आर्थिक वर्षको यसै अवधिमा यस्तो कर्जा रु.१ खर्ब १४ अर्ब रहेको थियो ।

**सेवा**

१०. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेसन संख्यामा ३.२० प्रतिशतले वृद्धि भई ४४,६५२ पुगेको छ भने घरजग्गा रजिष्ट्रेशनबाट संकलित राजस्वमा ०.००४ प्रतिशतले कमी आएको छ ।

११. २०८० पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले मधेश प्रदेशबाट परिचालन गरेको निक्षेप १९.४२ प्रतिशतले वृद्धि भई रु.३ खर्ब १२ अर्ब ३० करोड पुगेको छ । कर्जा प्रवाह भने ३.८९ प्रतिशतले घटी रु.४ खर्ब ३५ अर्ब ३८ करोड कायम भएको छ ।

**पूर्वाधार**

१२. मधेश प्रदेशमा निर्माणाधीन र निर्माण हुने क्रममा रहेका राष्ट्रिय गौरवका आयोजनाहरूमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना, पूर्व-पश्चिम रेलमार्ग आयोजना, हुलाकी राजमार्ग, काठमाडौं तराई मधेश द्रुतमार्ग आयोजना र राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम कार्यान्वयनको चरणमा रहेका छन् । उपर्युक्त अयोजनाहरुमध्ये हुलाकी सडक मार्गको निर्माणको गति तुलनात्मक रुपमा उच्च रहेको छ ।

# परिच्छेद-१ परिचय

## १.१ पृष्ठभूमी

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ बमोजिम नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत आर्थिक, वित्तीय र वाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ। आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) अनुसार यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने व्यवस्था रहेको छ। सोहीबमोजिम नेपाल राष्ट्र बैंक प्रदेश कार्यालय जनकपुरले तयार गरेको प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०८०/८१ को साउनदेखि पुससम्मको अर्ध वार्षिक विवरणमा आधारित रहेको छ।

विगतमा तोकिएका जिल्लाहरूबाट तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदन तयार गर्ने प्रचलन रहेकोमा मुलुक संघीय संरचनामा गएपश्चात् प्रदेशगत रुपमा समेत आर्थिक गतिविधि अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने आवश्यकता देखियो। फलस्वरुपः आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ तयार गरी मार्गदर्शनमा उल्लेख भएबमोजिम मुलुकका सबै जिल्लाहरूबाट तथ्याङ्क संकलन हुने गरी प्रदेश भित्रका जिल्लाहरूबाट नेपाल राष्ट्र बैंकका प्रदेश कार्यालयहरूले तथ्याङ्क सङ्कलन गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्ने गरेको छ। सो अनुसार मधेश प्रदेशका जनकपुर कार्यालयबाट सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही र बिरगञ्ज कार्यालयबाट रौतहट, बारा, पर्सा समेत ८ जिल्लाहरूबाट तथ्याङ्क सङ्कलन गरी यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

यस प्रतिवेदनमा आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनामा मधेश प्रदेशको समग्र आर्थिक स्थितिको साथसाथै कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगतिसमेत समावेश गरिएको छ। त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा मधेश प्रदेशको योगदान र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरणसमेत प्रतिवेदनमा समावेश गरिएको छ। प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना र समस्या एवम् चुनौतीहरू संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ। यसका अतिरिक्त चालु आर्थिक वर्षको पहिलो ६ महिनाको स्थिति तथा बाँकी ६ महिना अवधिको अनुमानको आधारमा मधेश प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको आर्थिक परिदृष्यसमेत समावेश गरिएको छ। उष्ण प्रदेशीय बागवानी केन्द्र नवलपुरको अवस्था, पूर्वाधार क्षेत्रमा जयनगर-जनकपुर-कुर्था रेलवे, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, हुलाकी राजमार्ग र काठमाडौं-तराई मधेश द्रुतमार्गको प्रगति स्थिति, पूर्व पश्चिम रेलमार्ग, राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको जनसंख्याको विवरणका बारेमा समेत यस अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ तथा नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन,२०७९ सहित) अनुसार यस प्रदेशको सबै जिल्लाहरूमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरूमा मूलतः स्थलगत सर्वेक्षण गरी प्राप्त तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

प्रतिवेदनमा कृषिसम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ। त्यस्तै, मुख्य खाद्य बालीसम्बन्धी केही तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट नेपाल राष्ट्र बैंकमा प्राप्त विवरण आर्थिक अनुसन्धान विभागमार्फत लिइएको छ। प्रदेशस्थित सरकारी निकायहरूबाट प्रदेशमा कृषि उपजले ओगटेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरू स्थलगत रुपमा संकलन गरिएको छ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरूको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका ३२ उद्योगहरूको स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ। बैंकिङ्ग क्षेत्रअन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रमा जिल्लागत रुपमा प्रवाह भएको कर्जा, निक्षेप संकलन, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरूले NRB supervisry Information System (SIS) मार्फत नेपाल राष्ट्र बैंकमा पठाएको विवरण आर्थिक अनुसन्धान विभागमार्फत लिइएको छ। साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो

वापतको राजश्व रकम भूमि व्यवस्था तथा अभिलेख विभाग बबरमहल, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट नेपाल राष्ट्र बैंकलाई सम्प्रेषण भएको र सोसम्बन्धी तथ्याङ्क आर्थिक अनुसन्धान विभागमार्फत् लिइएको छ ।

सेवा क्षेत्रअन्तर्गत पर्यटन गतिविधिसम्बन्धी विवरण नमूना छनौटमा परेका ५ होटलहरूको स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घरजग्गा नक्शापासको तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरूबाट तथा पूर्वाधारसम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, सडक डिभिजन कार्यालय र नगरपालिकाहरुबाट समेत लिइएको छ । यातायाततर्फको सवारी संख्यासम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न मधेश प्रदेशका १० वटा नमुना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरूबाट विवरण संकलन गरिएको छ ।

पूर्वाधार क्षेत्रअन्तर्गत यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजनासम्बन्धी विवरण लिंदा सम्बन्धित सरकारी कार्यालयहरूबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कलाई आधार मानिएको छ ।

### १.३ अध्ययन प्रतिवेदनको सीमा

नेपालको संविधान, २०७२ बमोजिम संघीयता कार्यान्वयनमा आएपश्चात् तथ्याङ्क प्रदायक निकायहरूको समेत पुनरसंरचना भएकोले ती निकायहरूसँग सम्बन्धित तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरुपः कृषि उत्पादन र पूर्वाधार लगायतका कतिपय विवरणहरूमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन । कृषिसम्बन्धी तथ्याङ्क कृषि तथा पशुपन्छी विकास मन्त्रालय र सडक पूर्वाधारको तथ्याङ्क सडक विभागले उपलब्ध गराएको विवरणको आधारमा प्रतिवेदन तयार गरिएको छ ।

यस प्रदेशमा सञ्चालित कतिपय उद्योगहरूको प्रशासनिक तथा केन्द्रीय कार्यालय अन्य प्रदेशहरूमा रहेकोले उत्पादन र रोजगारीका विवरणहरू अपेक्षित रुपमा उपलब्ध हुन सकेको छैन । प्रदेशमा स्थापित नयाँ उद्योगहरू तथा कतिपय भइरहेका उद्योगहरूले उपलब्ध गराउने तथ्याङ्क व्यवस्थित हुन नसकेकोले तथ्याङ्कको शुद्धतामा कमी हुने देखिएको छ । उद्योगहरुबाट समयमा तथ्याङ्क उपलब्ध हुन नसक्दा प्रतिवेदन तोकिएको समयमा सम्पन्न गर्न कठिनाई हुने गरेको छ । यथार्थपूर्ण विश्लेषणको लागि पर्याप्त, गुणस्तरीय तथा भरपर्दो तथ्याङ्कको उपलब्धतामा समेत समस्या हुने गरेको छ ।

भौतिक निर्माणतर्फ गाउँपालिकाहरूले निर्माण गरेका सडक, सिँचाई र खानेपानी आयोजनाहरूको जिल्लागत विवरण पर्याप्त मात्रामा उपलब्ध हुन नसकेकोले सोसम्बन्धी तथ्याङ्क पूर्ण हुन सकेको छैन ।

सेवा क्षेत्रमा खासगरी पर्यटकको विवरण उपलब्ध गराउने अध्यागमन तथा पर्यटन सूचना केन्द्र जस्ता आधिकारिक निकाय मधेश प्रदेशमा नभएकोले नमुना छनौटमा परेका सीमित होटलहरूबाट प्राप्त विवरणलाई पर्यटन गतिविधिको विश्लेषणका लागि आधार मानिएको छ ।

### १.४ अध्ययन प्रतिवेदनको ढाँचा

आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ अनुसार तयार गरिएको यस प्रतिवेदनलाई ८ परिच्छेदहरूमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा प्रतिवेदनको परिचय, यसको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति र हालको अवस्था बारे उल्लेख गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार क्षेत्रको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा प्रदेशिक कार्यक्रम तथा आयोजना र परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद-२ प्रदेशको तुलनात्मक स्थिति


## २.१ कुल गार्हस्थ्य उत्पादन

नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशित गरेको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.५३ खर्ब ४८ अर्ब रहने संशोधित अनुमान गरिएको छ । कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.४ प्रतिशत, १३.१ प्रतिशत र ६२.५ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ । आर्थिक वर्ष २०७९/८० मा मधेश प्रदेशले कुल गार्हस्थ्य उत्पादनमा १३.१४ प्रतिशत योगदान पुर्याउने संशोधित अनुमान गरिएको छ ।

### २.१.१ कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको संशोधित तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० मा मधेश प्रदेशको आर्थिक वृद्धिदर १.५० प्रतिशत रहने अनुमान छ । मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.७ खर्ब ३ अर्ब पुग्ने संशोधित अनुमान गरिएको छ । गत आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रमा मधेश प्रदेशको योगदान क्रमशः ३५.९७ प्रतिशत, ११.३ प्रतिशत र ५३.७ प्रतिशत रहने अनुमान गरिएको छ ।

**चार्ट २.१: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)**




*(स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय)*


राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशन भएको अनुमानित विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको सबैभन्दा बढी ३५ प्रतिशत योगदान मधेश प्रदेशको रहने अनुमान छ । त्यसैगरी, उद्योग क्षेत्रको सबैभन्दा बढी योगदान गण्डकी प्रदेशको १७.३ प्रतिशत र सेवा क्षेत्रको सबैभन्दा बढी योगदान बागमती प्रदेशको ७७ प्रतिशत रहने अनुमान छ ।

प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा कम बागमती प्रदेशको १२ प्रतिशत रहने अनुमान छ । त्यसैगरी उद्योग क्षेत्रमा सबैभन्दा कम योगदान कर्णाली प्रदेशको १०.१ प्रतिशत र सेवा क्षेत्रमा सबैभन्दा कम योगदान कोशी प्रदेशको ५०.३ प्रतिशत रहने अनुमान छ । मधेश प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३५ प्रतिशत, ११ प्रतिशत र ५३.७ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ (चार्ट २.१) ।

### २.१.२ कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान

आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.५३ खर्ब ४८ अर्ब रहने संशोधित अनुमान रहेकोमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ३६.२० प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४.३० प्रतिशत रहने अनुमान छ । अनुमानित कुल गार्हस्थ्य उत्पादनमा मधेश प्रदेशको हिस्सा १३.१० प्रतिशत रहने अनुमान छ । यस सम्बन्धी विवरण चार्ट २.२ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.२ : कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा)**





(स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय)

### २.१.३ प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर

आ.व.२०७९/८० मा आर्थिक बृद्धिदर न्यून अर्थात् उपभोक्ता मूल्यमा १.९५ प्रतिशत रहने संशोधित अनुमान रहेको छ । प्रदेशगत रुपमा हेर्दा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर सबैभन्दा बढी गण्डकी प्रदेशमा ३.३० प्रतिशत रहने अनुमान छ भने सबैभन्दा कम वृद्धिदर मधेश प्रदेशमा १.५० प्रतिशत रहने अनुमान छ (चार्ट २.३) । कोभिड-१९ महामारी र रुस-युक्रेन युद्ध तथा अन्य भूराजनैतिक तनावका कारण विश्वव्यापीरुपमा आपूर्ति खल्बलिएको, ईन्धनको मूल्यमा वृद्धि भएको, कतिपय मुलुकहरुले निर्यात व्यापारमा प्रतिबन्ध लगाएको कारणले विश्वव्यापी रुपमा मूल्य वृद्धि हुनुको साथै नेपालमा पनि सोको प्रभाव परेको थियो । आर्थिक पुनरुत्थानका लागि अवलम्बन गरिएको सहज नीतिगत व्यवस्थाका कारण कोभिडपश्चात् आर्थिक गतिविधिमा तीव्रता आयो । फलस्वरुप, शोधनान्तर स्थिति उच्च दरले घाटामा रहन गयो । उच्च मुद्रास्फीति र उच्च शोधनान्तर घाटालाई दृष्टिगत गरी नीतिगत कार्यदिशा कसिलो बनाउँदै लैजानु पर्ने बाध्यता र कोभिडपश्चात् विश्व श्रम बजार खुला भएकोले ठूलो संख्यामा नेपाली युवाहरु वैदेशिक रोजगारीमा जाँदा आन्तरिक माग शिथिल हुन पुगेका कारण आर्थिक वृद्धि कम रहन गएको हो ।

चार्ट २.३ : प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशत)




(स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय)

## २.२ प्रदेशगत वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति

आर्थिक वर्ष २०८०/८१ को प्रथम अर्ध-वार्षिक अवधिको कुल निक्षेप परिचालनमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ६७.६६ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको अंश सबैभन्दा कम २.२३ प्रतिशत रहेको छ । कुल निक्षेप परिचालनमा मधेश प्रदेशको हिस्सा ५.०९ प्रतिशत रहेको छ । कुल कर्जा प्रवाहमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ५७.६३ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अंश १.०१ प्रतिशत रहेको छ । कुल कर्जा प्रवाहमा मधेश प्रदेशको अंश ९.२९ प्रतिशत रहेको छ । मधेश प्रदेशमा भएको निक्षेप परिचालन र कर्जा प्रवाहको आकारलाई दृष्टिगत गर्दा वित्तीय श्रोत अन्य प्रदेशहरुबाट मधेश प्रदेशमा स्थानान्तरण (Transfer) भएको देखिन्छ ।

कृषि क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा बढी बागमती प्रदेशको हिस्सा ३५.१५ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.३६ प्रतिशत रहेको छ । मधेश प्रदेशमा कृषि क्षेत्रमा १७.७१ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ । विपन्न वर्गमा प्रवाहित कर्जामध्ये सबैभन्दा बढी बागमती प्रदेशमा ४७.२८ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा १.३३ प्रतिशत रहेको छ । विपन्न वर्गमा प्रवाहित कर्जा मधेश प्रदेशमा १०.२६ प्रतिशत रहेको छ । सहुलियतपूर्ण कर्जातर्फ सबैभन्दा बढी बागमती प्रदेशमा ३५.६२ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा १.६४ प्रतिशत रहेको छ । मधेश प्रदेशमा सहुलियतपूर्ण कर्जाको अंश ११.१९ प्रतिशत रहेको छ ।

बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या ११,५६७ रहेको छ । यसमध्ये सबैभन्दा बढी शाखा संख्या बागमती प्रदेशमा ३०३० रहेको छ र सबैभन्दा कम कर्णाली प्रदेशमा ४६६ रहेको छ । समीक्षा अवधिमा मधेश प्रदेशमा बैंक वित्तीय संस्थाहरूको शाखा संख्या १,७७५ रहेको छ ।

मोबाईल बैंकिङ्ग प्रयोगकर्ताको संख्या सबैभन्दा बढी बागमती प्रदेशमा ७६,१७,५९५ रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा ५,९२,९३६ रहेको छ । मधेश प्रदेशमा मोबाईल बैंकिङ्ग प्रयोगकर्ता २०,७०,११४ रहेका छन् । इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता सबैभन्दा बढी बागमती प्रदेशमा ७,९४,२१२ र सबैभन्दा कम कर्णाली प्रदेशमा १४,४७८ रहेको छ । इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता मधेश प्रदेशमा १,१७,१९३ रहेको छ । डेबिड कार्ड र क्रेडिट कार्ड प्रयोगकर्ताको संख्या सबैभन्दा बढी बागमती प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेको छ । यस सम्बन्धी विवरण तालिका २.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.१ : वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति**

| विवरण | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| कुल निक्षेपमा अंश(%) | ७.१५ | ५.०९ | ६७.६६ | ८.१३ | ८.६३ | २.२३ | १.०७ |
| कुल कर्जामा अंश (%) | ११.३५ | ९.२९ | ५७.६३ | ६.६६ | ११.०३ | १.०१ | ३.०० |
| कृषि कर्जाको अंश(%) | १७.३७ | १७.७१ | ३५.१५ | ८.५७ | १५.१५ | १.३६ | ४.६५ |
| विपन्न क्षेत्र कर्जा (%) | १४.८६ | १०.२६ | ४७.२८ | १०.१० | १२.७१ | १.३३ | ३.४४ |
| सहुलियतपूर्ण कर्जाको अंश (%) | १६.८१ | ११.१९ | ३५.६२ | १४ | १५.४३ | १.६४ | ५.२७ |
| डेबिट कार्ड प्रयोगकर्ता | १५,२३,८४५ | ११,२७,३२९ | ४९,७४,६३२ | १०,८१,२१७ | ९,७१,५५३ | ११,३९,८०४ | २,५८,०४३ |
| क्रेडिट कार्ड प्रयोगकर्ता | ३१,१९९ | २०,२२० | १,८०,४२७ | १८,६११ | १२,९२८ | १७,३२२ | ३,२६५ |
| मोबाईल बैंकिङ्ग प्रयोगकर्ता | २८,४१,०२८ | २०,७०,११४ | ७६,१७,५९५ | २२,१८,४४४ | १०,२८,५५० | ५,९२,९३६ | १२,०२,९३६ |
| इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता (%) | १,७०,३९९ | १,१७,१९३ | ७,९४,२१२ | २,११,९१२ | २,४९,३४९ | १४,४७८ | ४४,०९१ |
| शाखा संख्या (क,ख,ग र घ वर्ग) | १,८६० | १,७७५ | ३,०३० | १,३९८ | २,१९२ | ४६६ | ८४६ |

(स्रोत: नेपाल राष्ट्र बैंक,बैंक तथा वित्तीय संस्था नियमन विभाग)

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती:

### २.३.१ प्रादेशिक क्षमता र सम्भावना ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशित गरेको विवरणबमोजिम आर्थिक वर्ष २०७९/८० मा मधेश प्रदेशमा कुल प्रादेशिक गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको सबैभन्दा बढी ३५.२ प्रतिशत योगदान रहने अनुमान छ भने खानी तथा उत्खनन् क्षेत्रको सबैभन्दा कम ०.१८ प्रतिशत योगदान रहने अनुमान छ । भौगोलिक हिसाबले समतल

भू-भागमा अवस्थित रहेको मधेश प्रदेश आर्थिक क्रियाकलापका दृष्टिकोणले समृद्ध प्रदेशको रुपमा विकसित हुन सक्ने सम्भावना रहेको छ । समष्टिगत रुपमा मधेश प्रदेशको आर्थिक विकासका सम्भावनाहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

- समतल भूभाग रहेकोले यातायात तथा औद्योगिक पूर्वाधार निर्माण गर्न तुलनात्मकरुपमा सहज तथा कम खर्चिलो हुने । मुलुकको कुल जनसंख्याको करिब २०.९७ प्रतिशत जनसङ्ख्या वसोवास गर्ने भएकोले औद्योगिक उत्पादन र खपतका लागि बजार उपलब्ध हुनुको साथै सस्तो श्रमशक्ति तथा श्रमबजारको समेत पहुँच रहेको छ । कृषियोग्य भूमिको प्रचुरता तथा वैदेशिक व्यापारको लागि मुख्य प्रस्थान विन्दुसमेत भएको कारणले मधेश प्रदेशमा कृषिका अतिरिक्त, शिक्षा, स्वास्थ्य, पर्यटन जस्ता सेवा क्षेत्र र औद्योगिक क्षेत्रको विकासको पनि उत्तिकै सम्भावना रहेको छ ।

- यो प्रदेश भारतीय सीमासँग जोडिएकाले उत्पादनशील उद्योग तथा कलकारखानाहरू स्थापना गरी उत्पादित वस्तु भारततर्फ निकासी गर्न तुलनात्मक रुपले निकै सहज रहेको छ ।

- मधेश प्रदेशमा विभिन्न धार्मिक मठ मन्दिरहरू रहेका कारण भारतीय पर्यटकहरूको उल्लेख्य आवागमन हुने गर्दछ । प्रसिद्ध जानकी मन्दिर, धनुषधाम मन्दिर, गढिमाई मन्दिर, कंकालनी मन्दिर, छिन्नमस्ता भगवती मन्दिर यही प्रदेशमा रहेकाले धार्मिक तथा सांस्कृतिक पर्यटनको पनि राम्रो सम्भावना रहेको छ ।

- धेरै तालतलैया तथा पोखरीहरू रहेको जनकपुरधाम जस्तो शहर मधेश प्रदेशमा रहेकाले यहाँ स्थित पोखरीहरूको सरसफाई, विभिन्न प्रकारका जलचर पालन, जलक्रिडाको लागि पूर्वाधार बिकास तथा सडक पूर्वाधार सुधार र गुणस्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरी जल मनोरञ्जन जस्ता क्रियाकलापमा वृद्धि गर्न सके यहाँ आन्तरिक तथा बाह्य पर्यटकको प्रवर्द्धन गरी राजस्व संकलनमा समेत वृद्धि गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

- सर्लाही जिल्लाको बागमती नगरपालिकामा निर्मित भरत ताल मुलुककै ठूलो मानव निर्मित जलाशय रहेको र यो ताल ठूला जलाशय नभएको भारतीय राज्य बिहार नजिकै रहेकाले यहाँ भारतीय नागरिकहरूलाई समेत आकर्षण गरी पर्यटन विकास तथा आर्थिक गतिविधि बढाउनुका साथै भारतीय मुद्रा आर्जनको राम्रो स्रोत बन्न सक्ने सम्भावना रहेको छ । मुलुककै ठूलो नदी सप्तकोशी, मधेश प्रदेशको सीमा हुँदै बगेकोले नदीमा जल मनोरञ्जन गर्ने सुविधा विकास गरी पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।

- मधेश प्रदेशलाई जयनगर, जनकपुर भंगहा रेलवे सेवाले भारतीय सीमासँग जोडेकोले यहाँ उत्पादित सामानहरू भारततर्फ निकासी गर्नुका साथै भारतीय पर्यटकहरूको आवागमनमा वृद्धि भई सोबाट लाभ लिन सकिने सम्भावना रहेको छ ।

- प्रदेश नजिकै रहेको सिन्धुलीगढीमा युद्ध संग्रहालय स्थापना भएको छ । संग्रहालय अवलोकन गर्न आउने पर्यटकलाई आकर्षित गर्नुका साथै प्रशस्त माछा पालन हुने यस प्रदेशमा मत्स्य पर्यटनसँग सम्बन्धित क्रियाकलापसमेत वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

### २.३.२ प्रादेशिक चुनौती

- वातावरणीय प्रदुषणलाई नियन्त्रण गर्दै प्रदेशलाई सुन्दर र आकर्षक प्रदेशको रुपमा विकास गर्नका लागि शहरी क्षेत्रका सडकमा जताततै थुप्रने फोहोर व्यवस्थापन गर्नु,

- मधेश प्रदेशमा अवस्थित जनकपुर र वीरगन्ज जस्ता ठूला र व्यापारिक शहरलाई शैक्षिक हवको रुपमा विकास गर्न शैक्षिक गुणस्तरमा सुधार गर्नु,

- माछापालनको लागि प्रसिद्ध रहेको जनकपुर तथा परवानीपुर जस्ता मत्स्य विकास केन्द्रहरू तथा मधेश प्रदेशको अन्य स्थानहरूमा माछा उत्पादन क्षमता थप अभिवृद्धि गर्नु,
- भौगोलिक दृष्टिले सुगम रहेको मधेश प्रदेशको तुलनात्मक लाभ लिँदै ओद्योगिक विकास गरी मुलुकको कुल गार्हस्थ्य उत्पादनमा मधेश प्रदेशको योगदान अभिवृद्धि गर्नु,
- परम्परागत रुपमा हुँदै आएको निर्वाहमुखी कृषिलाई आधुनिकीकरण तथा व्यवसायीकरण गर्नु, कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउन मलखादको सर्वसुलभ आपूर्ति, उत्पादित अन्नको उचित मूल्य प्राप्ति तथा व्यवस्थापन मिलाउनुको साथै बजारको प्रबन्ध गरी कृषिजन्य क्रियाकलापमा युवाहरूलाई आकर्षित गर्नु,
- भौगोलिक तथा धार्मिक सम्पदा, जैविक विविधता आदिको उचित संरक्षण र प्रवर्द्धन गरी पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा विकास गर्नु,
- वैदेशिक रोजगारीमा रहेका युवाहरूबाट प्राप्त विप्रेषणलाई स्थानीय तहको समन्वयमा उत्पादनमुलक क्षेत्रमा लगानी गर्नु,
- मधेश प्रदेशमा रहेका धार्मिक तथा साँस्कृतिक क्षेत्रको फाईदा लिँदै प्रचुर सम्भावना बोकेको यहाँको पर्यटन क्षेत्रको विकास गर्न जानकी मन्दिर, पर्सा वन्यजन्तु आरक्ष, नजिकै रहेको कोशी टप्पु वन्यजन्तु आरक्ष, सिन्धुलीको युद्ध संग्रहालय, भरत ताल लगायतका क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्नु,
- मधेश प्रदेशमा वित्तीय साक्षरता अभिवृद्धि गरी सीमान्तकृत वर्गमा वित्तीय पहुँच अभिवृद्धि गर्नु,
- मधेश प्रदेशमा हुने आर्थिक गतिविधिलाई औपचारिकीरण गर्न प्रोत्साहित गरी राजश्वको दायरा बढाउनु,
- खुला सीमाना व्यवस्थापन गरी स्थानीय उत्पादनको वजार संरक्षण गर्नु ।

# परिच्छेद-३ कृषि क्षेत्र


## ३.१ प्रमुख कृषि बालीले ओगटेको भू-क्षेत्र

आर्थिक वर्ष २०८०/८१ को अर्ध-वार्षिक अवधिमा मधेश प्रदेशमा प्रमुख कृषि बालीहरूअन्तर्गत खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसलाले ओगटेको भूभाग ७.८३ प्रतिशतले वृद्धि भई ९ लाख ८१ हजार २ सय ९२ हेक्टर पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा ४.५५ प्रतिशतले कमी भई ९ लाख ९ हजार ९ सय ६० हेक्टर रहेको थियो ।

### ३.१.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा समग्र खाद्य तथा अन्य बाली अन्तर्गत धान, मकै, गहुँ, जौ, कोदो, फापर, आलु, उखु, भटमास, सुर्ती, सनपाट, दलहन, तेलहन आदि बालीले ओगटेको भू-भागमा ८.०१ प्रतिशतले वृद्धि भई ८ लाख ६८ हजार १ सय ३८ हेक्टर पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा समग्र खाद्य तथा अन्य बालीले ओगटेको क्षेत्रफलमा ३.९३ प्रतिशतले कमी आएको थियो । २०८० साउनदेखि पुससम्मको अवधिमा धान बालीले ओगटेको क्षेत्रफलमा २.०९ प्रतिशत, गहुँले ओगटेको क्षेत्रफल ११.४३ प्रतिशत, दलहनले ओगटेको क्षेत्रफल ९.३२ प्रतिशत र तेलहनले ओगटेको क्षेत्रफल ६१.४५ प्रतिशतले वृद्धि भएको छ । तर, आलुले ओगटेको क्षेत्रफलमा ४.२६ प्रतिशतले कमी आई २८ हजार ४ सय ९८ हेक्टरमा खेती भएको छ । त्यसैगरी, उखु खेतीले ओगटेको क्षेत्रफलमा ११.२६ प्रतिशतले कमी आएको छ । समीक्षा अवधिमा सिरहा, धनुषा, सर्लाही र रौतहट जिल्लामा धान बालीले ओगटेको क्षेत्रफलमा क्रमश: २.४० प्रतिशत, २२.७३ प्रतिशत, १.२४ प्रतिशत र ०.३० प्रतिशतले कमी आएको छ भने सप्तरी, महोत्तरी, बारा र पर्सामा क्रमश: १८.६८ प्रतिशत, १९.२४ प्रतिशत, ५.१९ प्रतिशत र ७.४३ प्रतिशतले वृद्धि भएको देखिन्छ । समीक्षा अवधिमा मधेश प्रदेशमा खाद्य तथा अन्य बालीले ओगटेको भू-क्षेत्रलाई चार्ट नं. ३.१ मा प्रस्तुत गरिएको छ ।

**चार्ट ३.१ : खाद्य तथा अन्य बालीहरूले ओगटेको क्षेत्रफल ( हेक्टरमा)**




(स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू)

### ३.१.२ तरकारी तथा बागवानी

समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा १०.३२ प्रतिशतले वृद्धि भई ६१ हजार ६ सय ८० हेक्टर पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा ५.७२ प्रतिशतले कमी आई ५५ हजार ९ सय १२ हेक्टरमा खेती भएको थियो । तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रफल महोत्तरी जिल्लामा सबैभन्दा बढी १५ हजार २ सय ५० हेक्टर अर्थात् मधेश प्रदेशको २४.७२ प्रतिशत र रौतहट जिल्लामा सबैभन्दा कम १ हजार ७ सय हेक्टर अर्थात् मधेश प्रदेशको २.७५ प्रतिशत रहेको छ । यस सम्बन्धी विवरण तालिका ३.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१ : तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र (हेक्टरमा)**

| क्र.सं. | जिल्ला | आ.व. २०७९/८० पुष मसान्त | आ.व. २०८०/८१ पुष मसान्त | (हिस्सा प्रतिशत) आ.व.२०८०/८१ पुष मसान्त |
|---|---|---|---|---|
| १ | सप्तरी | ८,८०० | ८,८०० | १४.२७ |
| २ | सिराहा | ६,१५० | ७,७०५ | १२.४९ |
| ३ | धनुषा | ३,५४० | ८,६५० | १४.०२ |
| ४ | महोत्तरी | १५,००० | १५,२५० | २४.७२ |
| ५ | सर्लाही | १३,०८२ | ८,६७५ | १४.०६ |
| ६ | रौतहट | ८०० | १,७०० | २.७५ |
| ७ | बारा | ६,३४० | ६,४०० | १०.३८ |
| ८ | पर्सा | २,२०० | ४,५०० | ७.३० |
| **जम्मा** | | **५५,९१२** | **६१,६८०** | **१००** |

*स्रोत: सम्बन्धित जिल्लाका, कृषि ज्ञान केन्द्र*

### ३.१.३ फलफूल तथा मसला

समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको भू-क्षेत्रफलमा २.४३ प्रतिशतले वृद्धि भई ५१ हजार ४ सय ७४ हेक्टर पुगेको छ । फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये आँपले ढाकेको क्षेत्रफलमा ०.१९ प्रतिशतले कमी आएको देखिन्छ भने केराखेतीले ढाकेको क्षेत्रफलमा ८.९६ प्रतिशतले वृद्धि भएको देखिन्छ । मसला (अदुवा, बेसार आदि) ले ढाकेको क्षेत्रफलमा २३.११ प्रतिशतले वृद्धि भएको देखिन्छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बालीले ढाकेको भू-क्षेत्रफल ९.१३ प्रतिशतले घट्न गई ५० हजार २ सय २३ हेक्टरमा खेती भएको थियो ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा प्रदेशको समग्र कृषि बालीहरू (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसला) को कुल उत्पादनमा ५.४० प्रतिशतले कमी आई ४७ लाख १ हजार १ सय १८ मे.टन उत्पादन भएको अनुमान छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बालीको कुल उत्पादन १८.७८ प्रतिशतले वृद्धि भएको थियो ।

### ३.२.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा सबैभन्दा बढी बाराको हिस्सा १४.८९ प्रतिशत र सबैभन्दा कम सिराहाको हिस्सा ८.४६ प्रतिशत रहेको छ । तरकारी तथा बागवानीतर्फ सबैभन्दा बढी हिस्सा महोत्तरी जिल्लाको २१.११ प्रतिशत र सबैभन्दा कम पर्सा जिल्लाको हिस्सा ७.९० प्रतिशत रहेको छ । फलफूल तथा मसालातर्फ सबैभन्दा बढी सप्तरी जिल्लाको हिस्सा ५२.१५ प्रतिशत रहेको छ । समग्रमा, मधेश प्रदेशको उखुको उत्पादन १७.५८ प्रतिशत र धानको उत्पादन १.६८ प्रतिशतले कमी भएको छ । दलहन र तेलहनको उत्पादनमा क्रमशः ८.०३ प्रतिशत र १५.३६ प्रतिशतले कमी आएको छ ।

गत आर्थिक वर्षको पुससम्ममा धानको उत्पादन १.६८ प्रतिशतले घटेको थियो भने उखुको उत्पादन १८.८८ प्रतिशत, दलहनको उत्पादन ३१.५७ प्रतिशत र तेलहनको उत्पादन २.३० प्रतिशतले वृद्धि भएको थियो । मधेश प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादनसम्बन्धी विवरण तालिका ३.२ मा प्रस्तुत गरिएको छ ।

| तालिका ३.२ : मधेश प्रदेशका विभिन्न जिल्लामा कृषि बालीको उत्पादन (मे.टनमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०८०/८१ पुष मसान्त | | | | | |
| क्र.सं. | जिल्ला | खाद्य तथा अन्य बाली | हिस्सा (प्रतिशत) | तरकारी तथा बागवानी | हिस्सा प्रतिशत) | फलफूल तथा मसला | हिस्सा (प्रतिशत) |
| १ | सप्तरी | ३४३,२०९ | ९.९७ | १०५,६०० | ११.२४ | १६७,१३८ | ५२.१५ |
| २ | सिराहा | २९१,१६७ | ८.४६ | ७८,८५० | ८.४० | ४,०२५ | १.२५ |
| ३ | धनुषा | ४३९,९६३ | १२.७८ | १०३,८०० | ९.७५ | ४८,१५९ | १५.०२ |
| ४ | महोत्तरी | ४९०,४८३ | १४.२५ | १९८,२५० | २१.११ | ४,६६० | १.४५ |
| ५ | सर्लाही | ४१५,४२४ | १२.०७ | १३०,१२५ | १३.८६ | ७,५०० | २.३४ |
| ६ | रौतहट | ४८०,२३३ | १३.९५ | १४७,००० | १५.६५ | ७९,९८८ | २४.९६ |
| ७ | बारा | ५१२,५१० | १४.८९ | १०१,१२० | १०.७७ | | |
| ८ | पर्सा | ४६८,६२३ | १३.६२ | ७४,२५० | ७.९० | ९,०४१ | २.८२ |
| | जम्मा | ३४,४१,६१२ | १०० | ९३८,९९५ | १०० | ३२०,५११ | १००.०० |

(स्रोतः सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र )

### ३.२.२ तरकारी तथा बागवानी

मधेश प्रदेशमा समीक्षा अवधिमा तरकारी तथा बागवानीको उत्पादनमा १.५७ प्रतिशतले कमी आई ९ लाख ३८ हजार ९ सय ९५ मे. टन उत्पादन भएको अनुमान छ । उत्पादित तरकारीमध्ये सबैभन्दा बढी महोत्तरी जिल्लामा १ लाख ९८ हजार २ सय ५० मे. टन अर्थात् कुल मधेश प्रदेशमा उत्पादित तरकारीको २१.११ प्रतिशत उत्पादन भएको छ भने पर्सा जिल्लामा सबैभन्दा कम ७४ हजार २ सय ५० मे.टन अर्थात् कुल मधेश प्रदेशमा उत्पादित तरकारीको ७.९० प्रतिशत उत्पादन भएको अनुमान छ । गत वर्षको सोही अवधिमा तरकारी तथा बागवानीको उत्पादन २६.१५ प्रतिशतले वृद्धि भएको थियो । यससम्बन्धी विवरण तालिका नं.३.२ मा प्रस्तुत गरिएको छ ।

| तालिका ३.२: मधेश प्रदेशमा तरकारी तथा बागवानी उत्पादन (मे.टनमा) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | जिल्ला | आ.व. २०७९/८० पुष मसान्त | आ.व. २०८०/८१ पुष मसान्त | हिस्सा (प्रतिशत) आ.व. २०८०/८१ पुष मसान्त |
| १ | सप्तरी | ९९,६९६ | १०५,६०० | ११.२४ |
| २ | सिराहा | ७३,८०० | ७८,८५० | ८.४० |
| ३ | धनुषा | ९३,५४० | १०३,८०० | ९.७५ |
| ४ | महोत्तरी | २,१०,००० | १९८,२५० | २१.११ |
| ५ | सर्लाही | २,२६,३०० | १३०,१२५ | १३.८६ |
| ६ | रौतहट | १,११,५०३ | १४७,००० | १५.६५ |
| ७ | बारा | ९९,५३८ | १०१,१२० | १०.७७ |
| ८ | पर्सा | ३९,६०० | ७४,२५० | ७.९० |
| | जम्मा | ९,५३,९७७ | ९,३८,९९५ | १०० |

(स्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र )

### ३.२.३ फलफूल तथा मसला

समीक्षा अवधिमा फलफूल तथा मसलाको उत्पादन ८.४३ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादनमा १०.३४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा फलफूलको उत्पादन ७.८२ प्रतिशतले वृद्धि भएको छ भने मसलाको उत्पादन १०.४८ प्रतिशतले वृद्धि भएको छ । फलफूलमध्ये आँप र केराको

उत्पादनमा वृद्धि भएको छ भने अन्य फलफूलको उत्पादनमा कमी आएको छ। समीक्षा अवधिमा मसलामध्ये लसुन, प्याज र अदुवाको उत्पादन गत बर्षको तुलनामा वृद्धि भएको छ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

### ३.३.१ पशुपन्छीजन्य उत्पादन :

समीक्षा अवधिमा मधेश प्रदेशमा दूधको उत्पादन १०.१३ प्रतिशतले वृद्धि भई ३ लाख ७३ हजार ८१ लिटर, मासुको उत्पादन ४.७७ प्रतिशतले वृद्धि भई ८७ हजार १ सय २० मे.टन र छालाको उत्पादनमा १.०८ प्रतिशतले वृद्धि भई ९४ लाख ७८ हजार वर्ग मिटर उत्पादन भएको छ भने अण्डाको उत्पादन १५.४७ प्रतिशतले कमी भई ४ करोड ९९ लाख ९४ हजार र ऊन उत्पादनमा ९.३१ प्रतिशतले कमी भई २ हजार ७ सय ९० के.जी. उत्पादन भएको अनुमान छ । गत वर्षको अर्ध-वार्षिक अवधिमा दूधको उत्पादन ५.७० प्रतिशत, मासुको उत्पादन १४.९७ प्रतिशत र अण्डाको उत्पादन ९.७५ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा कुल दूध उत्पादनमध्ये पर्सा जिल्लाको हिस्सा सबैभन्दा बढी ३२.९१ प्रतिशत रहेको छ भने रौतहट जिल्लाको हिस्सा सबैभन्दा कम २.३७ प्रतिशत रहेको छ। पशुपन्छीजन्य उत्पादनसम्बन्धी विवरण तालिका ३.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.३ : मधेश प्रदेशको पशुपंक्षीजन्य उत्पादन**

| जिल्ला | दूध (लि.हजारमा) | | मासु (मे.टनमा) | | अण्डा (गोटा हजारमा) | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० पुष मसान्त | आ.व. २०८०/८१ पुष मसान्त | आ.व. २०७९/८० पुष मसान्त | आ.व. २०८०/८१ पुष मसान्त | आ.व. २०७९/८० पुष मसान्त | आ.व. २०८०/८१ पुष मसान्त |
| सप्तरी | २०,७२४ | ४९,०११ | ५,६२१ | ६,००५ | १७,७८२ | ८,०१० |
| सिराहा | ६४.८२६ | ६६,३११ | ६,९०९ | ७,०८३ | ४,२९७ | ४,४२२ |
| धनुषा | २०,३०९ | २०,५४१ | २,००४ | १,९५४ | १,१०९ | १,०७१ |
| महोत्तरी | २१,९९५ | २२,७२५ | ९,३६५ | ९,५४२ | ४,२८७ | ४,६३० |
| सर्लाही | ४१,१४८ | ४२,८९४ | ९,१३६ | ९,२२७ | ४,३६९ | ४५२६ |
| रौतहट | ८,६५६ | ८,८३८ | ६,८९२ | ७,११० | १,८७० | १९५५ |
| बारा | ३९,६११ | ३९,९६० | ६,६७१ | ७,८४१ | १०,२२५ | १०१७५ |
| पर्सा | १२१,४८८ | १२२,८०१ | ३६,५५९ | ३८,३५८ | १५,२०५ | १५२०५ |
| जम्मा | ३,३८,७५७ | ३,७३,०८१ | ८३,१५७ | ८७,१२० | ५९,१४४ | ४९,९९४ |

(स्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र)

### ३.३.२ माछा उत्पादन

समीक्षा अवधिमा मधेश प्रदेशमा माछाको उत्पादन ९.६९ प्रतिशतले वृद्धि भई २८ हजार ९ सय ३१ मे. टन पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ८.८० प्रतिशतले वृद्धि भई २६ हजार ३ सय ७५ मे. टन रहेको थियो। समीक्षा अवधिमा सबैभन्दा बढी माछा उत्पादन सिरहा जिल्लामा भएको देखिन्छ। मधेश प्रदेशमा भएको कुल माछा उत्पादनमा सिरहा जिल्लामा भएको माछा उत्पादनको हिस्सा सबैभन्दा बढी २२.९९ प्रतिशत र रौतहट जिल्लामा भएको माछा उत्पादनको हिस्सा सबैभन्दा कम ७.०२ प्रतिशत रहेको छ। माछा उत्पादनसम्बन्धी विवरण तालिका नं. ३.४ मा प्रस्तुत गरिएको छ।

| तालिका ३.४ : मधेश प्रदेशमा माछा उत्पादन स्थिति (मे.टनमा) | | | |
|---|---|---|---|
| क्र.सं. | जिल्ला | आ.व. २०७९/८० पुस मसान्त | आ.व. २०८०/८१ पुस मसान्त |
| १ | सप्तरी | १,६५० | ३,२५० |
| २ | सिराहा | ६,२५० | ६,६५० |
| ३ | धनुषा | ३,५४८ | ३,५१० |
| ४ | महोत्तरी | २,३५० | २,४३२ |
| ५ | सर्लाही | २,७१८ | २,९९५ |
| ६ | रौतहट | १,९८२ | २,०३१ |
| ७ | बारा | ४,४७६ | ४,५२५ |
| ८ | पर्सा | ३,४०१ | ३,५३८ |
| | जम्मा | २६,३७५ | २८,९३१ |

(स्रोत : सम्बन्धित जिल्लाका भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र)


### ३.३.३ वनजन्य उत्पादन

समीक्षा अवधिमा मधेश प्रदेशमा दाउरा उत्पादनमा ६९.५ प्रतिशत तथा काठको उत्पादनमा ५२.६ प्रतिशतले कमी आएको छ। महोत्तरी, रौतहट, बारा र पर्सा जिल्लाले काठको कटानी नगरेको कारण समीक्षा अवधिमा काठको उत्पादनमा कमीको आएको देखिन्छ।

### ३.४ सिँचाई तथा मौसम

समीक्षा अवधिमा मधेश प्रदेशको कुल सिञ्चित क्षेत्रफल २.४४ प्रतिशतले वृद्धि भई ३ लाख २५ हजार ५ सय ५२ हेक्टर पुगेको छ । कुल सिञ्चित क्षेत्रफलमध्ये कुलोद्वारा सिञ्चित क्षेत्रफल २.२४ प्रतिशतले वृद्धि भई १ लाख ८ हजार ९ सय ८५ हेक्टर, नहरद्वारा सिञ्चित क्षेत्रफल ०.८५ प्रतिशतले वृद्धि भई १ लाख ६३ हजार ५ सय ६९ हेक्टर र बोरिङद्वारा सिञ्चित क्षेत्रफल ४५ हजार ६ सय ९६ हेक्टर पुगेको छ। गत वर्षको सोही अवधिमा समग्र सिञ्चित क्षेत्रफल ०.९१ प्रतिशतले वृद्धि भएको थियो। सो अवधिमा नहरद्वारा सिंचित क्षेत्रफल ०.३२ प्रतिशतले वृद्धि भएको थियो। मधेश प्रदेशमा सिञ्चित भूमिको क्षेत्रफलसम्बन्धी विवरण चार्ट ३.२ मा प्रस्तुत गरिएको छ।

**चार्ट ३.२: सिञ्चित भूमिको क्षेत्रफल (हेक्टरमा)**




(स्रोत: जिल्ला स्थित जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय)

### ३.५. क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशको कृषि क्षेत्रमा प्रवाह भएको कर्जा ४.३७ प्रतिशतले वृद्धि भई रु.५८ अर्ब ५२ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा रु.५६ अर्ब ७ करोड रहेको थियो । यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश १२.३८ प्रतिशत रहेको छ । मधेश प्रदेशमा प्रवाहित कुल कृषि कर्जामध्ये सर्लाही जिल्लामा प्रवाह भएको कर्जाको हिस्सा सबैभन्दा बढी अर्थात् १५.४३ प्रतिशत र सप्तरी जिल्लामा प्रवाह भएको कर्जाको हिस्सा सबैभन्दा कम अर्थात् ७.१३ प्रतिशत रहेको छ । यससम्बन्धी विस्तृत विवरण तालिका नं. ३.५ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.५: मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा ( रु.करोडमा)

| क.सं. | जिल्ला | कृषि कर्जा | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | सप्तरी | ४,५६ | ७.७९ |
| २ | सिराहा | ८,९२ | १५.२४ |
| ३ | धनुषा | ८,५३ | १४.५७ |
| ४ | महोत्ती | ५,८८ | १०.०४ |
| ५ | सर्लाही | ९,०३ | १५.४३ |
| ६ | रौतहट | ५,९३ | १०.१३ |
| ७ | बारा | ६,७३ | ११.५० |
| ८ | पर्सा | ८,९४ | १५.२८ |
| | जम्मा | ५८,५२ | १०० |

(स्रोतःनेपाल राष्ट्र बैंक)

### ३.६ सहुलियतपूर्ण कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा प्रवाह भएको सहुलियतपूर्ण कर्जा रु.२२ अर्ब ७ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा रु.११ अर्ब ७ करोड रहेको थियो । प्रवाहित कुल कर्जामध्ये सबैभन्दा बढी रु.४ अर्ब ५७ करोड अर्थात् २०.७० प्रतिशत सर्लाही जिल्लामा र सबैभन्दा कम रु.१ अर्ब अर्थात् ४.५४ प्रतिशत सप्तरी जिल्लामा रहेको छ। मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जासम्बन्धी विवरण तालिका नं. ३.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.६ : मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा (रु.करोडमा)**

| क.सं. | जिल्ला | सहुलियतपूर्ण कर्जा (रु.करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | पर्सा | २,७६ | १२.५० |
| २ | बारा | ३,०७ | १३.९१ |
| ३ | रौतहट | १,८४ | ८.३४ |
| ४ | सर्लाही | ४,५७ | २०.७० |
| ५ | महोत्तरी | १,८४ | ८.३४ |
| ६ | धनुषा | ३,५० | १५.८६ |
| ७ | सिराहा | ३,४७ | १५.७२ |
| ८ | सप्तरी | १,०० | ४.५४ |
| | जम्मा | २२,०७ | १००.०० |

(स्रोत : नेपाल राष्ट्र बैंक)

## मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द जनकपुरधाम, धनुषा

नेपालमा वि.सं. २००३ सालमा कृषिअन्तर्गत मत्स्य शाखाको स्थापनापश्चात् माछा पालनका लागि संस्थागत विकासको सुरुवात भएको मानिन्छ । मत्स्यपालन कार्यको विस्तार गर्ने उद्देश्यले हालको जनकपुरधाम उपमहानगरपालिका वार्ड नं. १२ मा वि.सं. २०१८ सालमा जनकपुर मत्स्य विकास केन्द्रको स्थापना गरिएको थियो । स्थापनाकालमा यो केन्द्र ४ हेक्टर क्षेत्रफलमा फैलिएको थियो । वि.सं. २०३९ मा ADB र UNDP को संयुक्त आयोजनामा नेपालमा १० वर्षे मत्स्य विकास आयोजना शुरु भएपछि यस केन्द्रको क्षेत्रफल ३१ हेक्टरमा विस्तार गरिएको थियो । वि.सं. २०६१ सालमा कृषि विभागको संगठनात्मक संरचनामा परिमार्जनसँगै तत्कालीन अवस्थामा छुट्टाछुट्टै अस्तित्वमा रहेका मत्स्य विकास केन्द्र र मत्स्य तालिम केन्द्र जनकपुरलाई समायोजन गरी मत्स्य विकास तथा तालिम केन्द्र जनकपुर नामाकरण गरिएको थियो । पछिल्लो पटक नेपालको संविधान २०७२ अनुसार वि.सं. २०७५ बाट नेपालमा संघीयताको कार्यान्वयनसँगै तीन तहको सरकार कार्यान्वयनमा आएपश्चात् यो केन्द्र संघीय कार्यालय अन्तर्गत स्थापित भई मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द धनुषा, जनकपुरधाम भनी नामाकरण भएको छ ।

**व्यवसाय/सेवाको प्रकृति**

मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्र, जनकपुरधाम धनुषाले आ.व. २०८०/८१ मा मुख्यतया निम्न कार्यक्रम तथा कियाकलापहरु सम्पादन गरेको छ,

- मत्स्य विज उत्पादन तथा वितरण
- खाने माछा उत्पादन तथा बिक्री वितरण
- पन्गास माछाको उत्पादन लाभ लागत अध्ययन
- मत्स्यपालनसँग सम्बन्धित तालिम कार्यक्रम सञ्चालन
- मत्स्यपालन नवीनतम प्रविधिहरुसम्बन्धी पुस्तिका प्रकाशन

**उत्पादनको किसिम**

केन्द्रको मुख्य उदेश्य मानव संसाधन विकासका लागि सीपयुक्त तालिमका साथै नयाँ प्रविधि परीक्षण गर्ने रहेको छ । यस केन्द्रले ह्याचलिङ्ग (रोहु, नैनी, भाकुर, सिल्भर कार्प, बिगहेड कार्प, ग्रासकार्प), फ्राई साईजको भुरा, फिगरलिङ्ग साईजको भुरा एडभान्स फिगरलिङ्ग भुरा ५ इन्चभन्दा बढी साईजको भुरा उत्पादन गर्दछ ।

**उत्पादनको परिमाण**

आ.व. २०८०/८१ को अर्ध-वार्षिक अवधिसम्म केन्द्रमा भएको माछा उत्पादन विवरण यस प्रकार रहेको छ ।

| कृयाकलाप | इकाई | उत्पादन परिमाण |
|---|---|---|
| माउ माछा व्यवस्थापन | के.जी. | ५००० |
| हाचलिङ्ग उत्पादन तथा वितरण | लाखमा | १८२ |
| फ्राई उत्पादन तथा वितरण | हजारमा | १६३१.८ |
| फिगरलिङ्ग उत्पादन तथा वितरण | हजारमा | ५५६ |
| खाने माछा उत्पादन | मे. टन | १.००२५ |

**आम्दानी**

आ.व. २०८०/८१ को अर्ध-वार्षिक अवधिसम्म केन्द्रले रु.१७ लाख ४१ हजार आम्दानी गरेको छ, जुन यस प्रकार रहेको छ ।

| सि.नं. | राजश्व संकलनको श्रोत | संकलित रकम रु. |
|---|---|---|
| १ | कृषि उत्पादन बिक्रीबाट | १५,८३,०४० ।- |
| २ | प्रशासनिक सेवा शुल्क | ८७,०००।- |
| ३ | सरकारी सम्पतिको बहालाबाट | ७१,०००।- |
| कुल जम्मा | | रु.१७,४१,०४०।- |

केन्द्रको सम्पूर्ण सम्पत्ति/श्रोत नेपाल सरकारको स्वामित्वमा रहेको छ । यस केन्द्रमा १५ जना स्थायी तथा २२ जना करार/ज्यालादारीमा कार्यरत कर्मचारी छन् । यस केन्द्रमा उत्पादन हुने मत्स्यजन्य उत्पादन सम्पूर्ण केन्द्रबाट नै बिक्री वितरण गर्ने गरिएको छ ।

### ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौती

मधेश प्रदेशमा भौगोलिक सुगमता, खेतीयोग्य जमिनको प्रचुरता र यातायात तथा ढुवानीको लागि सहजता हुँदाहुँदै पनि कृषि क्षेत्रमा देहाय बमोजिम चुनौतीहरू रहेका छन् :

- कृषिलाई प्रविधिमैत्री, व्यवसायिक, उच्च प्रतिफलदायी एवम् मर्यादित पेशाको रुपमा रुपान्तरण गरी युवा जनशक्तिलाई श्रम, सीप, तथा पुँजीसहित यो क्षेत्रमा आकर्षित गर्नु,
- मधेश प्रदेशको अर्थतन्त्रको मूल आधारको रुपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यवसायीकरण गरी कृषि क्षेत्रको अन्तर्राष्ट्रिय प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नु,
- मधेश प्रदेशको सम्पूर्ण कृषियोग्य जग्गालाई उपयोगमा ल्याउनु र कृषि क्षेत्रको उत्पादकत्व बढाउनु,
- कृषि तथा पशु क्षेत्रमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न कृषि तथा पशु सेवा बिमा लागु गर्नु,
- कृषि योग्य भूमिमा सिँचाई सुविधा उपलव्ध गराई कृषि उत्पादकत्व बढाउन निर्माणाधीन सिँचाई आयोजना तोकिएको समयमा सम्पन्न गर्नु,
- समयमा नै कृषकहरूलाई आवश्यक परिमाणमा मलखाद तथा बिउबिजन उपलब्ध गराउनु,
- कृषकहरूको सीप विकासका लागि तालिम प्रदान गर्नुका साथै खेती गरिएको स्थानमा नै प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु,
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अनुसार मधेश प्रदेशका धनुषा तथा बारा जिल्ला माछापालनका लागि सुपर जोनको रुपमा रहेकोमा यी क्षेत्रहरूमा दीगो कार्यक्रमहरू ल्याई उत्पादनशीलता वृद्धि र बजार विस्तारका लागि अध्ययन अनुसन्धान तथा थप कार्यका साथै सहुलियतहरू उपलव्ध गराउनु,
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अनुसार मधेश प्रदेशका सिराहा, धनुषा र सर्लाही जिल्लाहरू धानको जोन क्षेत्रको रुपमा स्थापना भएकोमा सोअनुरुप उत्पादन तथा उत्पादकत्व बढाई दीगोपना कायम राख्नु,
- रौतहट जिल्ला धानको बिउ जोनको रुपमा स्थापना भई कार्यक्रम अघि बढेको र नेपाल सरकारले धानको ११६ प्रजातिका बीउ स्थानीय माटोको उर्वरताका दृष्टिले प्रभावकारी हुने भनी सिफारिस गरेको भएतापनि भारतबाट कमसल प्रकारका बीउको अनाधिकृत रुपमा आयात हुने क्रमलाई निरुत्साहन गर्दै उन्नत बिउबिजन उपलब्ध गराउनुका साथै यसको प्रयोगलाई अभिवृद्धि गर्नु,
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रमअनुसार मधेश प्रदेशका महोत्तरी, रौतहट र पर्सा जिल्लाहरू तरकारी जोनको रुपमा आर्थिक वर्ष २०७३/७४ मा नै स्थापित भइसकेको भएतापनि जनकपुरलगायत ठूला बजार क्षेत्रमा भारतबाट हुने आयात प्रतिस्थापन गर्न सक्ने गरी क्षमता विकास गर्नु,
- तुलनात्मक लाभका आधारमा छनौट गरिएका क्षेत्र र बालीहरूको लागि एकीकृत रुपमा सघन कृषि कार्यक्रम सञ्चालन गरी कृषिको व्यावसायिकरण मार्फत् औद्योगीकरणको आधार खडा गर्नु,
- कृषियोग्य जमीनको खण्डीकरण रोक्नु ।

### ३.७.२ सम्भावना

मधेश प्रदेशको कृषि क्षेत्रमा माथि उल्लेख भएबमोजिम चुनौतीहरू हुँदाहुँदै पनि देहाय बमोजिम अवसरहरू पनि रहेका छन् :

- मधेश प्रदेशमा सबैभन्दा बढी जनसंख्या रहेको र यहाँ श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासुजस्ता कृषिजन्य वस्तुको व्यावसायिक उत्पादनको साथै खपतको लागि बजारको पनि उच्च सम्भावना रहेको छ ।


- एक टोल एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन र एक पालिका एक उत्पादन क्षेत्र कार्यक्रममार्फत कृषिको उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको छ ।
- मधेश प्रदेशमा समतल उर्वर भूमिको प्रचुरता रहेकोले सिँचाई सुविधामार्फत कृषियोग्य भूमिको क्षेत्रफल विस्तार गरी खाद्यान्न तथा अन्य बाली र तरकारी उत्पादनलाई पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।
- मधेश प्रदेश समतल भूमिमा रहेकोले सतह र भूमिगत जलस्रोत प्रयोग गर्न सकिने देखिएकोले सिँचाईको विकास र विस्तार गरी खाद्य बाली, माछापालन तथा फलफूलका नयाँ प्रजातिहरूको पहिचान गरी कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
- मधेश प्रदेशमा गुठीको जग्गा, सरकारी जग्गा र प्रयोगमा नआएका जग्गा प्रशस्त रहेकाले यहाँ उपलब्ध श्रमशक्ति प्रयोग गरी यी जग्गाहरू कृषि उत्पादनमा प्रयोग गर्न सकिने पर्याप्त सम्भावना रहेको छ ।
- मधेश प्रदेशबाट वैदेशिक रोजगारीको लागि विदेश जाने युवाहरूको संख्या धेरै रहेकोले पुँजी, प्रेरणा, आत्मविश्वास र उन्नत प्रविधिसम्बन्धी ज्ञानसहित विदेशबाट फर्किएका युवालाई कृषि व्यवसायमा आकर्षित गरी उत्पादकत्व र रोजगारी वृद्धि गर्न सक्ने सम्भावना रहेको छ ।
- मधेश प्रदेशमा उर्वर तथा समथर भूमि रहेकोले प्रशस्त घाँस खेतीसमेत लगाउन सकिने भएकोले पशुपालनको माध्यमबाट मासु तथा दूधजन्य पदार्थको उत्पादन बढाई कुल गार्हस्थ्य उत्पादनमा योगदान पुऱ्याउन सकिने प्रचुर सम्भावना रहेको छ ।
- माछापालनका लागि मुलुककै प्रमुख १० वटा जिल्लाहरूमध्ये मधेश प्रदेशका प्राय सबै जिल्लाहरू अग्रस्थानमा रहेकोले आधुनिक प्रविधि प्रयोग गरी माछाको उत्पादन बढाउन सके यहाँ उत्पादित माछाले मुलुकलाई आत्मनिर्भर बनाउनुको साथै विदेश निकासी गरी वैदेशिक व्यापार र विदेशी मुद्रा आर्जनमा समेत सघाउ पुऱ्याउन सक्ने सम्भावना देखिन्छ ।

# परिच्छेद-४ उद्योग क्षेत्र

## ४.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन

समीक्षा अवधिमा मधेश प्रदेशका नमुना छनौटमा समेटिएका ३२ वटा उद्योगहरूको क्षमता उपयोग औसतमा (Average Capacity Utilization) २९.६० प्रतिशत रहेको छ भने गत वर्षको सोही अवधिमा यी उद्योगहरुको औसत क्षमता उपयोग ३७ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा मदिरा उद्योगले सबैभन्दा बढी ८१.९५ प्रतिशत क्षमता उपयोग गरेको देखिन्छ भने वनस्पति घिउ उद्योगको क्षमता उपयोग सबैभन्दा कम ४.०६ प्रतिशत रहेको देखिन्छ । वनस्पति घिउ उद्योगको क्षमता अति न्यून रहनुमा हालका दिनहरूमा वनस्पति घिउको गार्हस्थ्य तथा औद्योगिक प्रयोग कम हुँदै जानु र यसको विकल्पमा भटमासको तेल तथा पाल्म तेलको प्रयोग बढ्दै गएकाले यसको बजार माग घट्दै जाँदा उत्पादन पनि विस्तारै घट्दै गएको देखिन्छ । मधेश प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगहरुको आ.व.२०७९/८० र आ.व.२०८०/८१ को क्षमता उपयोगसम्बन्धी विवरण चार्ट ४.१ मा प्रस्तुत गरिएको छ ।

**चार्ट ४.१ नमुना छनौटमा परेका उद्योगहरुको क्षमता उपयोगिता**




*स्रोत: नमुना छनौटमा परेका उद्योगहरु*

समीक्षा अवधिमा फलामको छड तथा पत्ति उद्योगको क्षमता उपयोग ८२.४४ प्रतिशत, हल्का पेय पदार्थ उद्योगको क्षमता उपयोग २९.७२ प्रतिशत, गहुँको पिठो उद्योगको क्षमता उपयोग ६८.५७ प्रतिशत, भटमासको तेल उद्योगको क्षमता उपयोग २०.३१ प्रतिशत, साबुन उद्योगको क्षमता उपयोग ४५.३८ प्रतिशत, आल्मुनियम उत्पादन उद्योगको क्षमता उपयोग ६७.७५ प्रतिशत, Chemical Liquid पदार्थ उद्योगको क्षमता उपयोग १७.१४ प्रतिशत, सिमेण्ट उद्योगको क्षमता उपयोग २३.७५ प्रतिशत, घरेलु धातुका सामान उद्योगको क्षमता उपयोग ३९.७८ प्रतिशत रहेको छ भने लत्ता कपडा अन्तर्गतको सिन्थेटिक कपडा, अन्न तथा पशु दाना अन्तर्गत पशुदाना, स्टिलजन्य उत्पादन, चामल, धागो, चुरोट, तोरीको तेल, चिनी, प्रशोधित छाला, कागज (अखबारी कागजबाहेक) र ड्राई सिरप उद्योगको क्षमता उपयोग क्रमशः ४.९८ प्रतिशत, ३७.५४ प्रतिशत, १४.३७ प्रतिशत, ४८.३३ प्रतिशत, ३५.१७ प्रतिशत, २०.४९ प्रतिशत, ४५.६५ प्रतिशत, ७.३३ प्रतिशत, २१.५२ प्रतिशत, ९.५६ प्रतिशत र २.८० प्रतिशत रहेको छ ।

गत वर्षको सोही अवधिमा मधेश प्रदेशका प्रमुख उद्योगहरूमा फलामको छड तथा पत्ति उद्योगको क्षमता उपयोग ६४.०५ प्रतिशत, साबुन उद्योगको क्षमता उपयोग ६३.४३ प्रतिशत, वनस्पति घिउ तथा तेल उद्योगको क्षमता उपयोग १८.६७ प्रतिशत, अन्न तथा पशुदाना उद्योगको क्षमता उपयोग ३८.३८ प्रतिशत, चुरोट उद्योगको क्षमता उपयोग २६.७३ प्रतिशत रहेको थियो भने प्रशोधित छाला, चिनी, कागज र ड्राई सिरप उद्योगको क्षमता उपयोग क्रमशः ५३.८० प्रतिशत, ९.७३ प्रतिशत, १९.३९ प्रतिशत र ४.६० प्रतिशत रहेको थियो ।

### ४.२ समग्र औद्योगिक कर्जा स्थिति

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा १.१२ प्रतिशतले घट्न गई रु.१ खर्ब १२ अर्ब ७५ करोड रहन गएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा रु.१ खर्ब १४ अर्ब २ करोड रहेको थियो । समीक्षा अवधिमा मधेश प्रदेशमा औद्योगिक क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा बढी कर्जा पर्सा जिल्लामा ६६.४६ प्रतिशत र सबैभन्दा कम सप्तरी जिल्लामा २.५२ प्रतिशत रहेको छ । मधेश प्रदेशमा सबैभन्दा धेरै उद्योगहरू पर्सा जिल्लामा रहेकोले सबैभन्दा बढी औद्योगिक कर्जा प्रवाह उक्त जिल्लामा भएको देखिन्छ । यस सम्बन्धी विवरण तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१ जिल्लागत उद्योग क्षेत्र कर्जाको स्थिति (रु.करोडमा)**

| क्र.सं. | जिल्ला | कर्जा रकम | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | सप्तरी | २,८४ | २.५२ |
| २ | सिराहा | ५,८८ | ५.२० |
| ३ | धनुषा | ९,८३ | ८.७१ |
| ४ | महोत्तरी | ४,६९ | ४.१६ |
| ५ | सर्लाही | ४,४३ | ३.९२ |
| ६ | रौतहट | ३,९८ | ३.५३ |
| ७ | बारा | ६,१७ | ५.४७ |
| ८ | पर्सा | ७४,९३ | ६६.४६ |
| | जम्मा | १,१२,७५ | १०० |


*(स्रोत:- नेपाल राष्ट्र बैंक)*

### ४.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा रु.१ खर्ब १२ अर्ब ७५ करोड मध्ये गैर-खाद्यवस्तु उत्पादन उद्योगतर्फ ५९.१५ प्रतिशत, कृषि-वन तथा पेय पदार्थ उत्पादन उद्योगतर्फ २८.८९ प्रतिशत, निर्माण उद्योगतर्फ ५.८० प्रतिशत, धातुको उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स तथा धातुका सामान उत्पादनतर्फ ४.४८ प्रतिशत, विद्युत, ग्याँस तथा पानी उद्योगतर्फ ०.४८ प्रतिशत र खानी उद्योगतर्फ १.१७ प्रतिशत कर्जा प्रवाह भएको छ । समग्रमा गत आर्थिक बर्षको सोही अबधिको तुलनामा औद्योगिक कर्जा विस्तारमा १.१२ प्रतिशतले कमी आएको छ ।

गत आर्थिक वर्षको तुलनामा समीक्षा अवधिमा निर्माण उद्योगतर्फ प्रवाह भएको कर्जामा १९.५१ प्रतिशतले, धातुका उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स उत्पादनतर्फ १७.२१ प्रतिशतले र विद्युत् ग्याँस तथा पानीतर्फ प्रवाह भएको कर्जामा ८८.१२ प्रतिशतले कमी आएको छ भने गैर-खाद्यवस्तु उत्पादनतर्फ प्रवाह भएको कर्जामा १०.१७ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी कृषि, वन तथा पेय पदार्थ उत्पादनतर्फ प्रवाह भएको कर्जा गत वर्षको सोही अवधिको तुलनामा समीक्षा अवधिमा १.५७ प्रतिशतले कमी भई रु.३२ अर्ब ५२ करोड रहेको छ । यससम्बन्धी विवरण चार्ट नं.४.१ मा प्रस्तुत गरिएको छ ।

**चार्ट ४.२: क्षेत्रगत औद्योगिक कर्जा स्थिति (रु.करोडमा)**




*(स्रोत: नेपाल राष्ट्र बैंक )*

### ४.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

मधेश प्रदेशका सम्पूर्ण भू-भाग समतल रहेकोले यातायात तथा ढुवानीको सहजता रहेको छ । साथै, दक्षिण तर्फको सीमा भारतसँग जोडिएकाले निकासी बजारको समेत अवसर छ । तसर्थ, यस प्रदेशमा उद्योग स्थापना गरी सञ्चालन गर्न, उत्पादित सामान निकासी गर्न र देशैभर पु¥याउन सहज छ । यस्तो अवस्था हुँदाहुँदै पनि यस प्रदेशमा औद्योगिक क्षेत्रसँग सम्बन्धित देहाय बमोजिमका चुनौती तथा सम्भावनाहरू रहेका छन् ।

### ४.४.१ चुनौती

- ठूला आकारका औद्योगिक क्षेत्रहरु (Industrial Zone) को निर्माण गर्न जग्गा अधिग्रहण गर्नु र तीव्र दरमा बढी रहेको जग्गाको खण्डिकरण रोक्नु,
- बजार, श्रमशक्तिलगायत भौगोलिकरुपले औद्योगिक विकासको सम्भावना बोकेको स्थानलाई औद्योगिक जोनको रुपमा विकास गर्नु,
- स्थानीय औद्योगिक उत्पादनलाई प्रतिस्पर्धी बनाउन खुला सीमाना व्यवस्थित गरी अवैध व्यापार नियन्त्रण गर्नु,
- विद्युत आपूर्ति व्यवस्थामा सुधार ल्याई निरन्तर उर्जा आपूर्तिमार्फत उद्योग सञ्चालनको वातावरण बनाउनु,
- उद्योगको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गरी वाह्य उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने बनाउनु,
- उद्योग/व्यवसायको क्रियाकलापलाई स्वच्छ र पारदर्शी बनाई सर्वसाधारणबाट समेत ठूलो मात्रामा पुँजी परिचालन गर्न आवश्यक विश्वासको वातावरण तयार गरी संस्थागत संस्कृतिको विकास गर्नु,
- उद्योग/व्यवसायका लागि आवश्यक सीपयुक्त जनशक्ति उपलव्ध गराउनु,
- औद्योगिक उत्पादन लागत न्यून गर्दै औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु,
- औद्योगिक क्षेत्रमा मैत्रीपूर्ण श्रमसम्बन्ध विकास गरी गैर व्यापारिक तथा गैर व्यावसायिक जोखिम न्यूनीकरण गर्नु,
- प्रदेशमा सञ्चालित अधिकांश उद्योगहरू ५० प्रतिशतभन्दा कम क्षमतामा सञ्चालित रहेकाले बढी क्षमतामा सञ्चालन हुने वातावरण तयार गर्नु । श्रमिक, उर्जा तथा बजार जस्ता कारणहरूले उत्पादन अवरुद्ध हुने अवस्था अन्त्य गर्दै वर्षैभरि उद्योग चल्ने वातावरण बनाई कच्चा पदार्थको नोक्सानी घटाउनु तथा उत्पादनको लागत घटाउनु,

- प्रदेशको प्रमुख कृषि उत्पादनको रुपमा रहेको उखु किसान तथा चिनी उद्योगीहरूको बीचमा हुने असमझदारीको अवस्था अन्त्य गरी उखु किसान र चिनी उद्योगसँग सम्बन्धित समस्याको दीर्घकालीन समाधान गरी देशलाई चिनी उत्पादनमा आत्मनिर्भर तुल्याउनु । साथै उखु उत्पादन तथा उखुको गुणस्तर सुधार गर्नु,
- औद्योगिक नीतिले प्रदान गरेको सुविधा अनुरुप हुने गरी कर नीति लागू गरी औद्योगिक लगानी प्रवर्द्धन र औद्योगिक क्षेत्रको संरक्षण गर्नु ।

### ४.४.२ सम्भावना

- मधेश प्रदेशमा प्रसिद्ध धार्मिक तीर्थस्थलहरू रहेकोले परम्परागत सीपमा आधारित धार्मिक सांस्कृतिक महत्वका वस्तुहरूमा आधारित उद्योगहरूलाई प्रवर्द्धन गरी स्थानीय नागरिकको आय आर्जन बढाउने तथा राजस्व परिचालनको आधार फराकिलो बनाउन सक्ने देखिन्छ ।
- मुलुकको सबैभन्दा बढी जनघनत्व र बढी जनसंख्या भएको प्रदेश भएकोले सस्तो श्रमआपूर्ति हुने हुँदा मधेश प्रदेशमा उद्योगहरू स्थापना गरी उत्पादन बढाएमा उत्पादित वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्न सक्ने देखिन्छ ।
- मधेश प्रदेशको सम्पूर्ण भूभाग दक्षिणी सीमा भारतसँग खुलारुपमा जोडिएकोले भारतबाट आयात हुने औद्योगिक कच्चा पदार्थको ढुवानी लागत सस्तो हुने भएकोले कम लागतमा वस्तु उत्पादन गरी निकासी गर्न सक्ने सम्भावना रहेको छ ।
- मधेश प्रदेशमा पूर्व-पश्चिम राजमार्ग र सो मार्गबाट उत्तर दक्षिण जोडने फराकिला सडकलगायत संघीय राजधानी काठमाडौ तथा पहाडी जिल्लाहरू जोड्ने सडक सञ्जाल रहेकोले यहाँ दूध, माछा, मासु, अन्न जस्ता कृषिमा आधारित उद्योगहरूको प्रचुर सम्भावना देखिन्छ ।
- मधेश प्रदेशमा उद्योग स्थापनाका लागि उपयुक्त धरातलीय स्वरुप रहेको कारण यहाँ उद्योग कलकारखानाहरूको स्थापना गरी वर्षेनी थपिने लाखौं श्रमिकहरूको लागि मुलुकभित्रै रोजगारीका अवसर वृद्धि गर्नसक्ने सम्भावना छ ।
- धान, गहुँ, मकै जस्ता अन्न बालीको प्रशस्त उत्पादन हुनुको साथै सुगम भौगोलिक संरचना रहेकोले यो प्रदेशमा खाद्य प्रशोधन उद्योगहरूको राम्रो सम्भावना रहेको छ ।

# परिच्छेद-५ सेवा क्षेत्र

## ५.सेवा क्षेत्र

सेवा क्षेत्रअन्तर्गत मधेश प्रदेशमा सञ्चालित पर्यटन उद्योग, सार्वजनिक निर्माण, रियलस्टेट, वित्तीय सेवा, यातायात, सञ्चार, थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेन्ट, सार्वजनिक प्रशासन, स्वास्थ्य एवम् सुरक्षा व्यवस्था जस्ता क्षेत्रहरूलाई समावेश गरिएको छ। तीमध्ये प्रमुख उप-क्षेत्रहरूको समीक्षा अवधिको स्थिति निम्नानुसार रहेको छ।

## ५.१ पर्यटन

समीक्षा अवधिमा छनौटमा परेका मधेश प्रदेशको पर्यटकस्तरीय होटलमा कार्यरत कर्मचारीहरूको संख्या गत वर्षको सोही अवधिको तुलनामा २८.४३ प्रतिशतले वृद्धि भएको छ । २०७९ पुससम्मको पहिलो ६ महिनामा यस क्षेत्रको रोजगारीमा ३१.२२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा पर्यटक आगमनमा ५६.२३ प्रतिशतले वृद्धि भई १३ हजार ७ सय ७३ पुगेको छ। कुल पर्यटक आगमनमा भारतबाट ११ हजार ९ सय ९३ र तेस्रो मुलुकबाट १ हजार ५ सय ६१ पर्यटकले भ्रमण गरेको अनुमान छ। गत वर्षको सोही अवधिमा पर्यटक आगमन ५५.२७ प्रशितले वृद्धि भई ८ हजार ८ सय १६ जना रहेको थियो। कोभिड-१९ महामारीको प्रभाव कम हुँदै गएकोले पर्यटक आगमन बढ्न गएको हो । पर्यटक आगमनमा वृद्धि भएसँगै होटलहरूको व्यवसायमा विस्तार भएकाले रोजगारीको अवसर समेत वृद्धि भएको देखिन्छ।

## ५.२.सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा मधेश प्रदेशको समग्र घरजग्गा रजिष्ट्रेशन संख्यामा ३.२० प्रतिशतले वृद्धि भई ४४ हजार ६ सय ५२ पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो संख्यामा ५१.७२ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन राजस्वमा ०.००४ प्रतिशतले घट्न गइ रु.९६ करोड २४ लाख राजश्व संकलन भएको छ। गत वर्षको सोही अवधिमा यस्तो रकम रु.९६ करोड २५ लाख रहेको थियो। समीक्षा अवधिमा घर/भवन स्थायी नक्शा पास संख्या १०.२७ प्रतिशतले घटेर १ हजार ८ सय ३४ रहेको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्या २ हजार ४४ रहेको थियो ।

जग्गामा अधिक लगानी तथा कृषि योग्य जग्गाको कित्ताकाट भई रहेकोले जग्गाको वर्गीकरणपश्चात् मात्रै कित्ताकाट गर्ने भनी कित्ताकाटमा रोक लगाएकोले घरजग्गा रजिष्ट्रेशन संख्या तथा घरजग्गा रजिष्ट्रेशन राजस्वमा कमी आएको देखिन्छ। यससम्बन्धी विवरण तालिका नं. ५.१ मा प्रस्तुत गरिएको छ।

तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट

| क्र.सं. | विवरण | २०७९ पुस मसान्तसम्म | २०८० पुस मसान्तसम्म | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| १. | घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | ४३,२५७.०० | ४४,६५२ | ३.२० |
| २. | घर/भवन स्थायी नक्सा पास सङ्ख्या | २०४४ | १८३४ | -१०.२७ |
| ३. | घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | ९६२.५१ | ९६२.४७ | -०.००४ |

*(स्रोत : मालपोत कार्यालय तथा उप-महानगरपालिका/नगरपालिका कार्यालय)*

## ५.३ वित्तीय सेवा

समीक्षा अवधिमा मधेश प्रदेशमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था (लघुवित्त वित्तीय संस्थासहित) को कुल शाखा संख्या १ हजार ७ सय ७५ रहेको छ । गत वर्षको सोही अवधिमा यस प्रदेशमा सञ्चालित बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या १ हजार ७ सय ६१ रहेको थियो।

सञ्चालनमा रहेका शाखाहरूमध्ये वाणिज्य बैंकको ५८१, विकास बैंकको ८४, वित्त कम्पनीको ५१ र लघुवित्त वित्तीय संस्थाको १ हजार ५९ शाखा रहेको छ । जिल्लागत आधारमा शाखाहरूको उपस्थिति हेर्दा सबैभन्दा बढी धनुषा जिल्लामा २५४ शाखा र सबैभन्दा कम रौतहट जिल्लामा १७९ शाखा रहेको छ । समीक्षा अवधिमा यस प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूको ATM संख्या ४८५ रहेको छ। सबैभन्दा बढी ATM संख्या धनुषा

जिल्लामा ८३ वटा र सबैभन्दा कम ATM संख्या रौतहट जिल्लामा ४१ वटा रहेको छ । यससम्बन्धी विवरण तालिका नं. ५.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२ : बैंक तथा वित्तीय संस्थाका शाखाहरू**

| क्र.सं. | जिल्ला | २०८० पुस मसान्तसम्मको शाखा संख्या | २०८० पुस मसान्तसम्मको ATM संख्या |
|---|---|---|---|
| १. | पर्सा | २०० | ७५ |
| २. | बारा | २५१ | ७१ |
| ३. | सर्लाही | २३७ | ५६ |
| ४. | रौतहट | १७९ | ४१ |
| ५. | महोत्तरी | २२२ | ४५ |
| ६. | धनुषा | २५४ | ८३ |
| ७. | सिराहा | २३७ | ६९ |
| ८. | सप्तरी | १९५ | ४५ |
| | जम्मा | १,७७५ | ४८५ |


*(स्रोत:- नेपाल राष्ट्र बैंक)*

## ५.४ निक्षेप तथा कर्जा स्थिति

बैंक तथा वित्तीय संस्थाहरूले समीक्षा अवधिमा यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप गत वर्षको सोही अवधिको तुलनामा १९.४२ प्रतिशतले वृद्धि भई रु.३ खर्ब १२ अर्ब ३० करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ५.८४ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ६१ अर्ब ५० करोड पुगेको थियो ।

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा गत वर्षको सोही अवधिको तुलनामा ३.८९ प्रतिशतले कमी भई रु.४ खर्ब ३५ अर्ब ३८ करोड हुन आएको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ६.८० प्रतिशतले वृद्धि भई रु.४ खर्ब ५२ अर्ब ९ करोड पुगेको थियो । निक्षेप परिचालन र कर्जा प्रवाहको आँकडालाई तुलना गर्दा अन्य प्रदेशहरुमा संकलन भएको वित्तीय श्रोत मधेश प्रदेशमा स्थानान्तरण (Transfer) भई सोको उपयोग भएको देखिन्छ । यससम्बन्धी विवरण चार्ट नं.५.१ मा प्रस्तुत गरिएको छ ।

**चार्ट ५.१ : निक्षेप तथा कर्जा स्थिति (रु.दश लाखमा )**




*(स्रोत:- नेपाल राष्ट्र बैंक)*

## ५.५ यातायात

समीक्षा अवधिसम्ममा मधेश प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या गत वर्षको सोही अवधिको तुलनामा ४.७४ प्रतिशतले वृद्धि भई १० लाख ९७ हजार ५ सय १९ पुगेको छ । गत वर्षको सोही अवधिसम्ममा उक्त सवारी साधनको संख्या ५.२६ प्रतिशतले वृद्धि भई १० लाख ४७ हजार ८ सय ५ पुगेको थियो । सवारी साधनमध्ये मोटरसाइकलको संख्यामा ४.६१ प्रतिशतले वृद्धि भई ८ लाख २४ हजार १ सय ६१ र अन्य यातायात साधनको संख्यामा ५.१४ प्रतिशतले वृद्धि भई २ लाख ७३ हजार ३ सय ५८ पुगेको छ । यससम्बन्धी विवरण तालिका ५.३ मा प्रस्तुत गरिएको छ ।

| तालिका ५.३ : मधेश प्रदेशमा यातायातको स्थिति | | | | |
|---|---|---|---|---|
| क्र.स. | विवरण | २०७९ पुस मसान्त | २०८० पुस मसान्त | समीक्षा अवधिको परिवर्तन (%) |
| १. | मोटरसाईकल | ७,८७,८०९ | ८,२४,१६१ | २.१६ |
| २. | अन्य | २,५९,९९६ | २,७३,३५८ | ५.१४ |
| | कुल संख्या | १०,४७,८०५ | १०,९७,५१९ | ४.७४ |

(स्रोतः- यातायात व्यवस्था कार्यालय, मधेश प्रदेश)

### ५.६ सेवा क्षेत्र कर्जा

समीक्षा अवधिमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट सेवा क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा ४.८८ प्रतिशतले कमी भई रु.१ खर्ब ५३ अर्ब ३१ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा ७.७७ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ६१ अर्ब १८ करोड करोड पुगेको थियो । यससम्बन्धी विवरण तालिका नं. ५.४ मा प्रस्तुत गरिएको छ।

| तालिका ५.४ : सेवा क्षेत्र कर्जाको स्थिति (रु.करोडमा) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | विवरण | २०७८/७९ पुस मसान्त | २०७९/८० पुस मसान्त | २०८०/८१ पुस मसान्त |
| १. | यातायात, भण्डारण र संचार | ६,२६ | ६,३० | ७,९८ |
| २. | थोक तथा खुद्रा बिक्रेता | १,२८,१६ | १,३८,६२ | १,३३,९२ |
| ३. | वित्त, बीमा तथा अचल सम्पत्ति | ४,३४ | ६,२३ | ३,२१ |
| ४. | पर्यटन | ५,०७ | ७,०८ | ५,८२ |
| ५. | अन्य सेवा | ५,७३ | २,९५ | २,३९ |
| | जम्मा | १,४९,५६ | १,६१,१८ | १,५३,३१ |

*(स्रोतः- नेपाल राष्ट्र बैंक)*

समीक्षा अवधिमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट सेवा क्षेत्रतर्फ भएको कुल कर्जामध्ये सबैभन्दा बढी पर्सा जिल्लामा रु.५३ अर्ब २८ करोड अर्थात् मधेश प्रदेशमा सेवा क्षेत्रमा प्रवाहित कुल कर्जाको ३४.७५ प्रतिशत र सबैभन्दा कम सप्तरी जिल्लामा रु.७ अर्ब ९१ करोड अर्थात् मधेश प्रदेशमा सेवा क्षेत्रमा प्रवाहित कुल कर्जाको ५.१६ प्रतिशत रहेको छ । सो अवधिमा मधेश प्रदेशबाट सेवा क्षेत्रमा प्रवाहित कर्जाको जिल्लागत स्थिति तालिका ५.५ मा प्रस्तुत गरिएको छ।

| तालिका ५.५ : जिल्लागत सेवा क्षेत्र कर्जा (रु.करोड) | | | |
|---|---|---|---|
| क्र.सं. | जिल्ला | रकम | जिल्लागत हिस्सा (%) |
| १. | पर्सा | ५३,२८ | ३४.७५ |
| २. | बारा | १२,४४ | ८.११ |
| ३. | रौतहट | ११,०६ | ७.२१ |
| ४. | सर्लाही | १३,८८ | ९.०५ |
| ५. | महोत्तरी | १२,५९ | ८.२१ |
| ६. | धनुषा | २३,७६ | १५.५० |
| ७. | सिराहा | १८,३९ | १२ |
| ८. | सप्तरी | ७,९१ | ५.१६ |
| | जम्मा | १,५३,३१ | १००.०० |


*(स्रोतः- नेपाल राष्ट्र बैंक)*

## ५.७ सहकारी

समीक्षा अवधिमा यस प्रदेशका सहकारीहरुमध्ये नमुना छनोटमा परेका १० वटा सहकारी संस्थाबाट प्राप्त विवरणको आधारमा सहकारीको अवस्था विश्लेषण गरिएको छ ।

- २०८० पुस मसान्तसम्ममा छनौटमा परेका सहकारीहरुको कुल पुँजी ७.५९ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ८४ करोड ५९ लाख पुगेको देखिन्छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ११.६९ प्रतिशत रहेको थियो ।
- २०८० पुस मसान्तसम्ममा छनौटमा परेका सहकारीहरुको कुल बचत रु.५ अर्ब ८९ करोड १३ लाख पुगेको छ ।
- २०८० पुस मसान्तसम्ममा छनौटमा परेका सहकारी संस्थाहरुबाट भएको ऋण प्रवाहमा १३.३४ प्रतिशतले कमी आई रु.५ अर्ब ६६ करोड २४ लाख रहेको छ । गत वर्षको सोही अवधिमा ऋण प्रवाह ५.१५ प्रतिशतले वृद्धि भएको थियो ।
- २०८० पुस मसान्तसम्ममा छनौटमा परेका सहकारी संस्थाका कुल सदस्य संख्या ३.६८ प्रतिशतले घट्न गई ७४ हजार ९ सय ६२ रहेको छ ।
- २०८० पुस मसान्तसम्ममा छनौटमा परेका सहकारी संस्थाका कर्मचारी संख्यामा १.५६ प्रतिशतले कमी आएको छ । गत वर्षको सोही वर्षमा कर्मचारी संख्यामा १४.८० प्रतिशतले वृद्धि भएको थियो ।

**चार्ट ५.२ : पूँजी, बचत र ऋण लगानीको अवस्था (रु.दश लाखमा )**




(स्रोत: नमुना सर्वेक्षणमा परेका १० सहकारी संस्थाहरु)

## ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना

मधेश प्रदेशमा धार्मिक तथा साँस्कृतिक महत्व बोकेका पोखरीहरू प्रशस्त रहेकाले यसको सरसफाई गरी जल मनोरञ्जनात्मक साधनको प्रयोग गर्न सकेमा धार्मिक तथा सबै प्रकारका पर्यटकहरूलाई आकर्षित गर्न सकिने देखिन्छ । उपयुक्त भौगोलिक अवस्थिति भएकाले अस्पताल तथा ठूला शिक्षण संस्थाहरूको स्थापना गरी शिक्षा तथा स्वास्थ्य सेवा निर्यात गर्न सकिने सम्भावना रहेको छ । तथापि यस क्षेत्रको विकासमा देहायबमोजिमका चुनौती र सम्भावनाहरू रहेको देखिन्छ ।

### ५.८.१ चुनौतीहरू

- मधेश प्रदेशमा सेवारत बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय स्रोत तथा साधनलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गराउनु,

- वित्तीय सेवाको पहुँच सहज गराई मिटर ब्याजीको मारबाट सर्वसाधारणलाई मुक्त गराउनु,
- वित्तीय चेतना तथा पहुँच अभिवृद्धि गरी वित्तीय अपराध र अनौपचारिक कारोवार न्यूनीकरण गर्नु,
- मधेश प्रदेशमा अवस्थित मिथिला क्षेत्रको सांस्कृतिक सम्पदाको रुपमा रहेको मिथिला कला तथा संस्कृति जस्ता मौलिक कला संस्कृति समेट्ने विषय वस्तुहरूको संरक्षण र विकास गर्नु,
- मानव निर्मित पोखरी तथा ताल तलैयालगायत शहरको उचित सरसफाई तथा सजावट गरी मनोरञ्जनात्मक गतिविधिहरूको प्रवर्द्धन गरी पर्यटन विकास गर्नु,
- अव्यवस्थित र द्रुत शहरीकरणलाई रोकी व्यवस्थित र सुन्दर शहरीकरणको विकास गर्नु,
- पर्यटकीय एवम् मनोरञ्जनका स्थलहरूको खोजी तथा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनमा वृद्धि गर्नु तथा बसाई अवधि लम्ब्याउनु,
- स्थानीय बासिन्दाहरूमा शहर तथा प्राचीन र साँस्कृतिक सम्पदाहरूको सरसफाईसम्बन्धी जनचेतना जगाई पर्यटन क्षेत्रको विकासलाई प्रोत्साहित गर्नु ।

**५.८.२ सम्भावनाहरू**

- मधेश प्रदेशमा सिम्रौनगढ, गढीमाई, जनकपुर, जलेश्वर र छिन्नमस्ता जस्ता ऐतिहासिक एवम् धार्मिक महत्वका तीर्थस्थलहरू रहेकाले यस प्रदेशमा धार्मिक तथा सांस्कृतिक पर्यटन विकासको राम्रो सम्भावना रहेको छ ।
- मधेश प्रदेश ताजा माछाको लागि लोकप्रिय रहेको तथा हवाई र स्थलमार्गको सुगम पहुँच रहेकोले स्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरेमा माछापालन हुने स्थानहरूमा मत्स्य पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने सम्भावना देखिन्छ ।
- उपयुक्त भौगोलिक संरचना रहेकोले शिक्षा, स्वास्थ्य तथा खेलकुद क्षेत्रलाई समावेश गरी एकीकृत पर्यटन कार्यक्रम सञ्चालन गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
- जनकपुर क्षेत्रमा रहेको पोखरी तथा तालतलैयाहरू लगायत शहरको उचित सरसफाई र श्रृंगार गरी पर्यटक आकर्षित गर्न सकेमा यसबाट समेत पर्यटन क्षेत्रको विस्तार गर्न सकिने देखिन्छ ।
- मधेश प्रदेशमा अधिकांश भू-भाग समथर भएकोले यहाँ निर्माण सेवा, उत्पादनमूलक कार्य र यातायात सञ्जाल विकास गर्न सहज हुने देखिन्छ ।
- भारतसँग खुल्ला सिमाना भएकोले पर्यटन पूर्वाधार विकास गर्न सके भारतीय पर्यटक भित्र्याउन सकिने उच्च सम्भावना रहेको देखिन्छ ।
- मधेश प्रदेश कृषि तथा माछापालनमा अग्रस्थानमा रहेकाले कृषिलाई आकर्षक र आधुनिक व्यवसायको रुपमा विकास गरी कृषि पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने सम्भावना देखिन्छ ।

# परिच्छेद-६ पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

मधेश प्रदेशमा पूर्वाधार विकासका राष्ट्रिय आयोजनाहरू सञ्चालनमा रहेका छन् । यहाँ निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाहरूको सम्पन्न हुने तोकिएको समय सीमा बढदै गएको छ । प्रदेश भित्रका स्थानीय तहहरूले विकास निर्माणका बाँकी कार्यहरूमा तीव्रता ल्याउँदा सडक, खानेपानी, ढल निर्माण जस्ता स-साना आयोजनाहरू सम्पन्न हुने क्रममा छ । हुलाकी राजमार्ग निर्माणको कार्य प्रगतिमा वृद्धि, जयनगर जनकपुर कुर्था रेलवेको बाँकी खण्ड विस्तार भई विजलपुरा हुँदै वर्दिवाससम्म पुऱ्याउने कार्य अघि बढिरहेको तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको काम अघि बढाउन सरकारले बजेट र कार्यक्रमहरू अघि बढाएकाले आगामी वर्षहरूमा पूर्वाधार क्षेत्रको प्रगतिमा उल्लेख्य सुधार हुने अनुमान छ । स्थानीय तहमा नयाँ जनप्रतिनिधिहरूको आगमनसँगै कामले नयाँ दिशा पहिल्याउने, स्थानीय आवश्यकता अनुरुप विकास निर्माणको पहिचान, जनस्तरमा विकासप्रति जागरुकता र निर्माण सामग्रीको सहज उपलब्धता आदि कारणले मधेश प्रदेशमा आगामी दिनमा पूर्वाधार निर्माणको गतिमा तीव्रता आउने अनुमान गरिएको छ ।

### ६.१.१ जयनगर-जनकपुर-कुर्था रेलवे

नेपाल रेलवे कम्पनी लिमिटेडको व्यवस्थापनमा सञ्चालन हुने गरी जयनगर-जनकपुर-कुर्था रेलवेको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भई भंगहासम्म सञ्चालनमा आएको छ । भारत सरकारको पूर्ण लगानीमा सम्पन्न भएको भौतिक पूर्वाधार निर्माणअन्तर्गत रेलवेको लिक बिछ्याउने तथा विभिन्न स्टेशनहरूमा प्लेटफर्म बनाउने र रेलको ईन्जिन र बग्गी खरिद समेतको कुल लागत रु.८ अर्ब रहेको जानकारी सो कम्पनीबाट प्राप्त भएको छ । कम्पनीका अनुसार रेलको यात्रु क्षमता १ हजार ३ सय रहेको छ, जसमा एसी क्याबिनमा ५६ जना र जनरल क्याबिनमा जम्मा १ हजार २ सय ४४ जना यात्रु अट्ने क्षमता रहेको छ ।

हाल सम्पन्न पूर्वाधार अनुसार धनुषाको कुर्थाबाट, जनकपुर, परवाह, वैदेही, महिनाथपुर, खजुरी, इनर्वा हुँदै भारतीय सीमा स्थित बजार जयनगरसम्म चल्ने यस रेल्वेको लम्बाई ३५ कि.मी. रहेको छ । कुर्था-विजलपुरा सम्मको ३५ कि.मी. खण्ड भने निर्माणाधीन अवस्थामा रहेको छ । कुर्थादेखि महोत्तरीको भंगहासम्म १७ कि.मि. सन् २०२३ को जुलाई १६ देखि सञ्चालन मा आएको छ । हाल भंगहादेखि जयनगर ५२ कि.मी. रेल्वे सञ्चालन मा रहेको छ । भंगहादेखि बर्दिवाससम्म १८ कि.मी. खण्डमा जग्गा अधिग्रहण एवम् मुआब्जा वितरणको कार्य भइरहेको जानकारी प्राप्त भएको छ । २०१४ देखि निर्माण शुरु भएको यस आयोजनाको प्रारम्भिक लागत अनुमान भा.रु.७ अर्ब १२ करोड रहेकोमा हाल संशोधित लागत अनुमान बढेर भा.रु.१२ अर्ब पुगेको छ ।

### ६.१.२ **काठमाडौं-तराई मधेश द्रुतमार्ग**

काठमाडौ-तराई मधेस द्रुतमार्ग सडक आयोजना, नेपालको राजधानी काठमाडौलाई तराई मधेससँग छोटो दूरीमा जोड्ने रणनीतिक महत्वको देशकै पहिलो स्तरीय सडक तथा द्रुतमार्ग (Asian Highway Standard Primary Class A) हो । यस द्रुतमार्गले छोटो दूरीमा राजधानी काठमाडौंलाई तराईसँग जोडी यात्रा तथा ढुवानी सहज बनाउँदै राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा राखिएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४ वैशाख २१ को निर्णयअनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७४ श्रावण २७ मा नेपाली सेनालाई आयोजना हस्तान्तरण भई निर्माण शुरु भएको छ । नेपाली सेनालाई आयोजना हस्तान्तरण भएपश्चात् Asian Development Bank (ADB) द्वारा तयार पारिएको Feasibility Study & Preliminary Design Report 2008 लाई आधार मानी आयोजनाका निर्माण कार्यहरू अगाडि बढिरहेको छ । कोरियाको Soosung Engineering & Consulting ले द्रुतमार्गको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी स्वीकृतिका लागि पेश भएकोमा २०७६ भदौ १ मा स्वीकृत भईसकेको छ । चार लेनको यस आयोजना ललितपुरको खोकनादेखि सुरु भई मकवानपुर हुँदै बारा जिल्लाको निजगढसम्म जम्मा ७२.५ कि.मि. लम्बाई रहेको छ । यस सडकको कुल लम्बाईमध्ये ५५.५ कि.मि. सडक खण्ड, १०.५९ कि.मि. पुल तथा ६.४१ कि.मि. सुरुङ्ग मार्ग हुने व्यहोरा परियोजनाको विवरणमा उल्लेख छ ।

आ.व. २०७४/७५ बाट शुरु भएको यस आयोजना आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य रहेको भएतापनि सो अनुरुपको प्रगति भने हुन सकेको छैन । प्रारम्भिक लागत रु.१ खर्ब ११ अर्ब अनुमान रहेको यस आयोजनाको संशोधित लागत रु.२ खर्ब १९ अर्ब रहेको छ । काठमाडौं-तराईमधेश द्रुतमार्ग सडक आयोजना प्रमुखको कार्यालय जंगी अड्डा, काठमाडौको प्रतिवेदन अनुसार आ.व.२०८०/८१ फागुन मसान्तसम्म समग्र भौतिक प्रगति ३१.९० प्रतिशत र वित्तीय प्रगति ३२.३३ प्रतिशत रहेको छ । साथै, आ.व.२०८०/८१ मा आयोजनाको लागि रु.१७ अर्ब ९८ करोड बजेट विनियोजन भएकोमा २०८० फागुनसम्मा रु.९ अर्ब ९४ करोड खर्च भएको छ । ललितपुरको खोकनामा सडकको निर्धारित रेखाङ्कन क्षेत्रमा पुरातात्विक महत्वको मठ-मन्दिर परेका कारण सडकको रेखाङ्कन परिवर्तन गर्नुपर्ने अवस्था र बेस क्याम्प तथा सडक निर्माण स्थलमा विद्युत आपूर्ति सहज हुन नसकेको कारणले काममा केही ढिलाई भएको व्यहोरा सो प्रतिवेदनमा उल्लेख भएको छ ।

### ६.१.३ हुलाकी राजमार्ग

यस आयोजनाले पूर्वमा झापाको भद्रपुरबाट पश्चिममा कन्चनपुरको दैजीसम्म तराई मधेशका जिल्ला सदरमुकाम र घना बस्तीलाई जोड्दै १८५७ कि.मी. यातायातको पहुँच विस्तार गर्ने देखिन्छ । आर्थिक वर्ष २०६६/६७ बाट सुरु भएको यो आयोजना आर्थिक वर्ष २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । प्रारम्भिक लागत अनुमान रु.४७ अर्ब २४ करोड रहेकोमा संशोधित लागत अनुमान रु.६५ अर्ब २० करोड पुगेको छ । नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागबाट सार्वजनिक भएको आ.व. २०७९/८० को वार्षिक समीक्षा अनुसार हाल सम्मको समग्र भौतिक प्रगति ९१ प्रतिशत र वित्तीय प्रगति ९१ प्रतिशत (रु.५९ अर्ब ३३ करोड) रहेको छ । हालसम्ममा कुल १ हजार ८ सय ५७ कि.मी.मध्ये १ हजार ३ सय ५६ कि.मी. कालोपत्रे सम्पन्न भएको छ भने बाँकी ४ सय १५ कि.मि. सडक निर्माणाधीन अवस्थामा रहेको छ । कुल २ सय ५० पुलमध्ये १ सय ३२ वटा पुलको निर्माण सम्पन्न भएको र ४५ वटा पुल निर्माणाधीन रहेका छन् । २११ कि.मि. सडक र ५० वटा पुलको ठेक्का व्यवस्थापन हुन बाँकी रहेको छ । आ.व. २०८०/८१ मा यस आयोजनाको लागि रु.३ अर्ब ४८ करोड ९० लाख बजेट विनियोजन भएको छ र आ.व. २०८०/८१ मा १०० कि.मि. सडक कालोपत्रे तथा २० वटा पुल निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

### ६.१.४ निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

राष्ट्रिय गौरवको आयोजनाको रुपमा अघि बढेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणको काम आ.व. २०७१/७२ बाट सुरु भई आर्थिक वर्ष २०८५/८६ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय सम्बन्धमा प्रकाशित विवरण, २०७७ अनुसार नेपाल सरकार र Land Mark Worldwide बीच सम्पन्न सम्झौताअनुसार निजगढमा एयरपोर्ट सिटीसहित विमानस्थल बनाउने सम्बन्धमा Land Mark Worldwide ले तयार गरेको सम्भाव्यता अध्ययन प्रतिवेदनअनुसार यसको अनुमानित लागत रु.८ खर्ब रहेको छ । राष्ट्रिय गौरवको यस आयोजना सन् २०२५ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार यस आयोजनाको लागि गर्नुपर्ने प्राथमिक तयारीका कार्यहरू विमानस्थल क्षेत्रमा तारबार लगाउने, ६६ बिगाह निजी जग्गा अधिग्रहण गर्ने, वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने, बकाहा र पसाहा खोलामा ४ हजार मिटर नदी नियन्त्रण गर्ने कार्य सम्पन्न भएको छ । विमानस्थल क्षेत्रमा रहेका सुकुम्बासी बस्तीको घरजग्गाको लगत लिई तिनको व्यवस्थापनको लागि भूमि सुधार तथा व्यवस्था मन्त्रालयमार्फत कारवाही अघि बढाइएको छ । विमानस्थलको गुरुयोजना निर्माणको ५० प्रतिशत कार्य सम्पन्न भएको छ । प्रथम चरणको निर्माण कार्यका लागि १ हजार ९ सय हेक्टर क्षेत्रफलभित्र पर्ने रुख, पोलको लगत नम्बरिङ्ग कार्य भइरहेको छ । परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन (Detail Feasibility Study) तथा आयोजनास्थल वरपर सीमाङ्कन गर्ने कार्य सम्पन्न भएको छ । हाल आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्या तथा चुनौतीहरूमा टाँगिया बस्ती व्यवस्थापन र आयोजनाका मोडालिटी बारे निर्णय हुन नसक्नु रहेको छ । सम्मानित सर्वोच्च अदालतको निर्णयपश्चात् हाल यो आयोजनाको काम अगाडि बढ्न सकेको छैन ।

### ६.२. रोजगारी

प्रदेशको रोजगारीसम्बन्धी विवरणलाई वैदेशिक रोजगारी र आन्तरिक रोजगारी गरी दुई प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ ।

### ६.२.१ वैदेशिक रोजगारी

मधेश प्रदेशबाट वैदेशिक रोजगारीको लागि ठूलो संख्यामा श्रमिकहरू विदेश गएका छन् । धनुषा जिल्ला मुलुककै सबैभन्दा बढी वैदेशिक रोजगारीका लागि श्रम निर्यात गर्ने जिल्लाको रुपमा रहेको छ । वैदेशिक रोजगारीमा जाने कामदारको संख्या उल्लेख्य रहेतापनि अदक्ष कामदारको संख्या अधिक रहेको छ । आर्थिक वर्ष २०८०/८१ को पुस महिनासम्ममा मधेश प्रदेशबाट श्रम स्वीकृति लिनेको संख्या ७३ हजार ७ सय ८३ रहेको छ । यो संख्या वाह्य रोजगारीका लागि मुलुकभरिबाट श्रम स्वीकृति लिने संख्याको २१.६८ प्रतिशत हो । मधेश प्रदेशबाट वैदेशिक रोजगारीमा गएका कामदारहरूमध्ये सबैभन्दा बढी कामदार कतार, संयुक्त अरब इमिरेट्स, साउदी अरब, कुवेत र मलेसियामा कार्यरत छन् । यससम्बन्धी विवरण तालिका नं. ६.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१ : श्रम स्वीकृति लिनेहरुको संख्या**

| क्र.सं. | जिल्ला | श्रम स्वीकृति संख्या | मुलुकभरकोसँग तुलना (%) | मुलुकभरको जम्मा |
|---|---|---|---|---|
| १. | सप्तरी | ८,१८५ | २.४ | ३,४०,३२४ |
| २. | सिराहा | १३,१५२ | ३.८६ | |
| ३. | धनुषा | १६,७८८ | ४.९३ | |
| ४. | महोत्तरी | ११,९६५ | ३.५१ | |
| ५. | सर्लाही | ९,०७५ | २.६७ | |
| ६. | रौतहट | ५,७०६ | १.६८ | |
| ७. | बारा | ५,७६६ | २.२५ | |
| ८. | पर्सा | ३,१४६ | ०.९२ | |
| | जम्मा | ७३,७८३ | २१.६८ | |

*(स्रोत : श्रम विभाग, मासिक प्रतिवेदन साउन देखि पुस २०८०)*

### ६.२.२ आन्तरिक रोजगारी

आन्तरिक रोजगारीअन्तर्गत संघीय तथा प्रादेशिक सरकारले वार्षिक कार्यक्रम तथा आवधिक योजनामार्फत मधेश प्रदेशमा सञ्चालित रोजगारमूलक देहाय बमोजिम कार्यक्रमहरू रहेका छन :

- संघीयसरकारले मानव विकास सूचकाङ्कमा पछाडि परेको मधेश प्रदेशका जिल्लाको आर्थिक सामाजिक विकास एवम् पूर्वाधार निर्माणका लागि **तराई मधेश समृद्ध कार्यक्रम** सञ्चालन गरेको छ ।
- स्थानीय तहमा सञ्चालित सार्वजनिक विकास निर्माणका कार्यहरू श्रममुलक प्रविधिमार्फत सञ्चालन गर्न प्रत्येक स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भईरहेको छ ।
- सहुलियतपूर्ण कर्जा कार्यक्रमअन्तर्गत स्थानीय स्तरमै थप रोजगारी सिर्जना गर्ने अघिल्लो वर्षको लक्ष्यलाई थप प्रभावकारी बनाउदै उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न विशेष जोड दिएको छ ।
- चालु आ.व.को बजेट बक्तव्यमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट स्थानीयस्तरमा सञ्चालन हुने सडक, सिँचाई, भवन, पुल, नदी नियन्त्रण, वृक्षारोपणलगायत संघ, प्रदेश र स्थानीय तहका आयोजना तथा कार्यक्रममा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई रोजगार दिने गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ ।

**प्रदेश र स्थानीय सरकारबाट सञ्चालित रोजगार कार्यक्रम**

- प्रदेश सरकार र पालिकाहरूबाट सञ्चालन गरिने विकास निर्माणका कार्यहरूमा यन्त्र उपकरणको प्रयोगलाई निरुत्साहित गरी श्रममूलक रोजगारी सिर्जना गर्ने कार्यक्रम समावेश गरेको ।
- कोभिड-१९ महामारीको कारण वैदेशिक रोजगारी गुमाएर घर फर्किएका युवाहरूको लागि मुख्यमन्त्री रोजगार कार्यक्रमअन्तर्गत स्थानीय स्तरमा हुने विकास निर्माणका कार्यहरू, बाढी रोकथाम तथा नियन्त्रणका कार्यहरू, घरेलु तथा साना उद्योग व्यवसाय तथा आधुनिक कृषिजन्य क्रियाकलापमार्फत रोजगारका अवसरहरू सिर्जना गर्ने कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरिएको छ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुपरजोन, जोन, ब्लक र पकेट क्षेत्र कार्यक्रम सञ्चालन  गरी किसानहरूको उत्पादनमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न विभिन्न अनुदान, सहुलियत सुविधा प्रदान गर्नुको साथै किसानहरूलाई विभिन्न किसिमका व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन  गरी स्वरोजगारका अवसर सिर्जना गर्ने कार्यक्रम अघि बढाइएको छ ।

## ६.३  पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना

मधेश प्रदेशको भौगोलिक धरातललाई मध्यनजर गर्दा ठूला उद्योगहरू स्थापना गरी सोबाट आर्थिक गतिविधि बढाउनुका साथै रोजगारी सिर्जना हुने अवसर देखिन्छ । यसका साथै पूर्व-पश्चिम राजमार्ग विस्तार तथा काठमाडौंलाई तराईसँग जोड्ने फाष्ट ट्र्याक निर्माणको चरणमा रहेकोले यसबाट समेत रोजगारीका अवसर सिर्जना गर्न टेवा पुग्ने देखिन्छ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारहरू तयार हुने नीतिगत निर्णय भइसकेको भएतापनि काम अघि बढ्न सकेको छैन । सुनकोशी मरिन डाईभर्शनलाई सर्लाही जिल्लाको बागमती सिँचाई आयोजनामा जोड्ने जस्ता ठूला पूर्वाधार आयोजना र हुलाकी राजमार्ग पनि निर्माणको चरणमा रहेको छ । तथापि मधेश प्रदेशमा पूर्वाधार र रोजगारी क्षेत्रमा निम्नानुसार चुनौती तथा सम्भावनाहरू रहेका छन् ।

### ६.३.१ चुनौतीहरू

- मधेश प्रदेशमा निर्माण शुरु भएका आयोजना हुलाकी राजमार्ग, काठमाडौं–निजगढ द्रुतमार्ग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू विभिन्न सरोकारवाला निकाय तथा क्षेत्रहरूबीच समन्वय कायम गर्दै निर्धारित लागत र समय तालिकाभित्र सम्पन्न गर्नु,
- सञ्चालनमा आएका कार्यक्रमका लागि पर्याप्त बजेट व्यवस्था गर्नु,
- पूर्वाधार क्षेत्रको विकासमा निजी र वैदेशिक लगानी आकर्षित गरी मधेश प्रदेशलाई लगानीयोग्य क्षेत्रको रुपमा विकास गरी रोजगारी सिर्जना गर्नु,
- पूर्वाधार क्षेत्रको विकासमा आउने समस्याहरू समाधान गर्न अन्तर-निकाय समन्वय कायम गर्ने र निर्माण सुरु भएका आयोजनाहरूको काम समयमै सम्पन्न गर्न निर्माण व्यवसायी र ठेकेदारको क्षमता अभिवृद्धि गर्नु,
- भारतीय सहयोगमा नेपाल रेलवे कम्पनीबाट जयनगर कुर्थासम्म सञ्चालन भईरहेको रेल सेवा सञ्चालनमा सेक्सन वर्कसप निर्माण नभएकोले मर्मतको लागी भारतको भर पर्नुपर्ने, तालीम प्राप्त स्वदेशी चालक तथा स्टेशन मास्टर जस्ता जनशक्तिहरु नभएकोले महँगो भारतीय जनशक्तिमा भर पर्नुपर्ने, नेपालमा Fueling Centre नभएकोले भारतमा सो सेवा लिँदा चर्को सेवा शुल्क तिर्नु पर्ने भएकोले ड्रममा बोकेर ल्याई इन्धन भर्नु पर्ने, Washingfeed (रेल धुने स्थान) नभएको, रेलको आकार (थोरै डब्बा) सानो भएकोले माग अनुसार सेवा दिन नसकेको जस्ता समस्याहरु समाधान गरी सहजरुपमा रेलसेवा सञ्चालन  गर्नु,

- सप्तरी जिल्लामा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा डेरी र केही खाद्य उद्योगहरूबाहेक अन्य ठूला उद्योगहरू सञ्चालनमा नरहेको सन्दर्भमा उक्त औद्योगिक क्षेत्रको व्यवस्थापनमा सुधार ल्याई थप उद्योगहरू सञ्चालन हुने वातावरण तयार पार्नु,
- अव्यवस्थित रुपमा बढ्ने शहरीकरणले औद्योगिक क्षेत्रको लागि चाहिने जग्गा उपलब्ध हुन सक्ने वातावरण नरहेकोले शहरीकरणलाई व्यवस्थित बनाउनु,
- मधेश प्रदेशमा मात्र रहेको रेलवे सेवाको शीघ्र विस्तार तथा प्रभावकारी सञ्चालनको लागि दक्ष जनशक्तिको व्यवस्थापन गरी दिगो र भरपर्दो रुपमा सञ्चालन गर्नु,
- पूर्व-पश्चिम राजमार्गको चौडाई विस्तार गर्ने काम शुरु भएकोमा सो काम समयमै सम्पन्न गर्नु,
- निर्माण सम्पन्न भएका कमला बाँध, ढल्केबर जनकपुर सडक जस्ता पूर्वाधार आयोजनाहरूको समय समयमा मर्मत संभार गरी यसको दिगोपना कायम गर्नु,
- प्रदेश र स्थानीय तहमा बनेका भौतिक पूर्वाधारहरूको गुणस्तर कायम गरी दिगो रुपमा सञ्चालन गर्नु,
- मधेश प्रदेशमा अनुकुल रहेका भौगोलिक स्वरुपको उपयोग गर्दै उत्पादनमुलक उद्योगहरूमा लगानी अभिवृद्धि गरी रोजगारी सिर्जना गर्नु ।

### ६.३.२ सम्भावना

- मधेश प्रदेशको भौगोलिक बनावट समतल भू-भाग रहेकोले पूर्वाधार निर्माणको लागि तुलनात्मक हिसाबले कम लागतमा अन्तराष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारको निर्माण तथा विकास हुन सक्ने सम्भावना रहेको देखिन्छ । साथै, कृषिजन्य उद्योगसँग सम्बन्धित पूर्वाधारको विकास तथा सेवाको विस्तार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
- मधेश प्रदेशमा उपलब्ध भौगोलिक सुगमता तथा आर्थिक रुपले सक्रिय जनशक्तिको सदुपयोग गर्दै कृषि र उद्योगको विकासमार्फत पर्याप्त आन्तरिक रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
- पर्यटन विकासका लागि अन्य भौतिक पूर्वाधारको विकास गरी पर्यटन क्षेत्रको प्रवर्द्धनमार्फत प्रादेशिक आय र रोजगारी बढाउन सकिने सम्भावना रहेको देखिन्छ ।
- समतल धरातलीय स्वरुप र भौगोलिक सुगमताको कारणले यहाँ ठूला विश्वविद्यालय तथा अस्पतालहरू स्थापना गरी रोजगारी सिर्जना गर्न र शिक्षा तथा स्वास्थ्य सेवा निर्यात गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
- सूचना प्रविधि क्षेत्रमा भएको तीव्र विकासको सदुपयोग गरी यहाँको जनसांख्यिकीय तथा भौगोलिक सुगमताको उच्चतम प्रयोग गरी औद्योगिक क्रियाकलापमार्फत आर्थिक बृद्धि गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
- मुलुककै सबैभन्दा ठूलो सप्तकोशी नदी, मधेश प्रदेशको पूर्वी सीमा हुँदै बग्ने भएकोले सो नदीको उपयुक्त स्थानमा बाँध बाँधी नहर निर्माण गर्न सके मधेश प्रदेशको कृषियोग्य भूमिमा सिँचाई सुविधा उपलब्ध गराउन सकिने सम्भावना रहेको देखिन्छ ।
- मधेश प्रदेशको राजधानी जनकपुरमा गुठी तथा सरकारी स्वामित्वका समतल १२ विघा जस्ता धेरै खुला जग्गा तथा मैदानहरू रहेकोमा हालसम्म यस्ता जमीनको सदुपयोग हुन नसकिरहेकोले त्यस्ता खुला स्थानहरूको पहिचान गरी फुटबल तथा क्रिकेट मैदान जस्ता संरचनाहरू तयार गरी उपयोग गर्न सक्ने सम्भावना रहेको देखिन्छ ।

# परिच्छेदः ७ प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ मधेश प्रदेशको सरकारी वित्त स्थिति

- आर्थिक वर्ष २०८०/८१ का लागि मधेश प्रदेश सरकारले कुल रु.४४ अर्ब ११ करोड बजेट विनियोजन गरेकोमा पहिलो ६ महिनाको अवधिमा रु.२ अर्ब ९४ करोड खर्च भएको छ जुन कुल विनियोजनको ६.६७ प्रतिशत हो । आ.व. २०७९/८० को पहिलो ६ महिनामा विनियोजन भएको बजेटको १०.९० प्रतिशत खर्च भएको थियो ।

- आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश सरकारले चालु खर्चतर्फ विनियोजन गरेको रु.१८ अर्ब २१ करोडमध्ये २०८० पुस मसान्तसम्म रु.१ अर्ब ८६ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको १०.२१ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च ११.७२ प्रतिशत रहेको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजन भएको रु.२५ अर्ब ६९ करोडमध्ये समीक्षा अवधिको अन्तसम्म रु.१ अर्ब ७ करोड खर्च भएको छ जुन विनियोजन भएको पुँजीगत खर्चको ४.१६ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च १०.२४ प्रतिशत रहेको थियो । त्यसैगरी, वित्तीय व्यवस्थातर्फ रु.२० करोड विनियोजन भएको छ ।

- मधेश प्रदेश सरकारले आ.व.२०८०/८१ मा आन्तरिक स्रोत र राजस्व बाँडफाँट गरी जम्मा करबाट रु.१५ अर्ब ७६ करोड, समानीकरणवापत अनुदानबाट रु.७ अर्ब ४१ करोड र गत आर्थिक वर्षको बचत रु.१२ अर्ब ९० करोड राजस्व परिचालन हुने अनुमान गरेको छ । २०८० पुस मसान्तसम्म आन्तरिक स्रोत र राजस्व बाँडफाँटबाट राजस्व रु.६ अर्ब ६४ करोड प्राप्त भएको छ । आ.व.२०७९/८० मा आन्तरिक स्रोत र राजस्व बाँडफाँट गरी जम्मा करबाट रु.१५ अर्ब ८१ करोड परिचालन हुने अनुमान गरेको थियो ।

- आ.व.२०८०/८१ मा मधेश प्रदेश सरकारले संघीय सरकारबाट समपुरक, विशेष र सशर्त अनुदान गरी कुल रु.६ अर्ब ४ करोड प्राप्त गर्ने अनुमान गरेको छ भने घाटा बजेट पूर्ति गर्न रु.२ अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएको छ । त्यसतै, आ.व.२०७९/८० मा कुल रु.३ अर्ब ५५ करोड यस्ता प्रकारको अनुदान प्राप्त गरेको थियो ।

## ७.२ मधेश प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति

आ.व.२०८०/८१ मा यस आर्थिक गतिविधि अध्यन प्रतवेदनको लागि छनोट गरिएका मधेश प्रदेशका ५ वटा स्थानीय तहहरुले विनियोजित कुल बजेटको पुस मसान्त सम्ममा २२.८४ प्रतिशत रकम खर्च गरेका छन जसमध्ये चालु खर्चतर्फ विनियोजित बजेटको ३४.९ प्रतिशत र पुँजीगततर्फ ११.०५ प्रतिशत रकम खर्च भएको छ । आ.व. २०७९/८० मा विनियोजित कुल बजेटको पुस मसान्त सम्ममा २८.८९ खर्च भएको थियो जसमध्ये चालुतर्फ ३७.९६ प्रतिशत र पुँजीगततर्फ १७.६९ प्रतिशत रकम खर्च भएको थियो । समीक्षा वर्षमा स्थानीय तहहरुले गरेको कुल खर्च अघिल्लो वर्षको सोही वर्षको तुलनामा २७.०४ प्रतिशतले घटेको देखिन्छ ।

| तलिका ७.१: मधेश प्रदेशका स्थानीय तहहरुको वित्त स्थितिरकम रु करोडमा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| शिर्षक | उप-शिर्षक | आ.ब २०७९/८० बजेट | | आ.ब २०८०/८१ बजेट | | प्रगाति (प्रतिशतमा) | | |
| | | बजेट | वास्तविक (साउन-पुष) | बजेट | वास्तविक (साउन-पुष) | ७९/८० (साउन - पुष) | ८०/८१ (साउन - पुष) | वृद्धिदर |
| | कुल खर्च | ७८२.२ | २४४.८६ | ८५२.१ | १९४.६ | २८.८९ | २२.८४ | –२७.०४ |
| खर्च | चालु | ४३२ | १६३.९९ | ४३८.६ | १४९.५ | ३७.९६ | ३४.०९ | –१२.८७ |
| | पुँजीगत | ३५०.२ | ६१.९६ | ४०८.२ | ४५.१२ | १७.६९ | ११.०५ | –४८.९७ |
| | वित्तीय | | | ५.३३ | | | | |
| | अन्य | | | | | | | |
| | | २३८.५ | ८४.४७ | २१६.१ | १०३ | ३५.४१४ | ४७.६८६ | ३४.६५ |
| राजस्व | आन्तरिक स्रोतबाट प्राप्त | ७५ | ३४.६१ | ८७.१६ | ७१.६३ | ४६.१५ | ८२.१८ | ७८.०९ |
| | राजस्व बाँडफाँड प्राप्त | ८४.८६ | ३३.१ | ८७.२२ | २१.१२ | ३९.०१ | २४.२१ | –३७.९२ |
| | ... | | | | | | | |
| | अन्य | ७८.६६ | १६.७६ | ४१.७ | १०.२९ | २१.३१ | २४.६८ | १५.८१ |
| | | ४१६.२ | १६८.१३ | ४२५.२ | ९७.४८ | ४०.४० | २२.९२ | –४३.२६ |
| अनुदान तथा हस्तान्तरण | समानीकरण | १४४.९ | ४६.३४ | १२५.७ | २६.४७ | ३१.९९ | २१.०६ | –३४.१५ |
| | समपूरक | ५.८५ | २ | ११.३५ | २.६२ | ३४.१९ | २३.०८ | –३२.४८ |
| | विशेष | १६ | २.९४ | ४९.२ | ०.२७ | १८.३८ | ०.५५ | –९७.०१ |
| | सशर्त | २४१.१ | ११६.८५ | २३९ | ६८.१२ | ४८.४७ | २८.५० | –४१.२० |
| | ... | | | | | | | |
| | अन्य | ८.३६ | | | | | | |
| ऋण | आन्तरिक | ४ | ० | २६.३७ | ० | ५.६६ | ३.५१ | –३७.९९ |
| | बाह्य | २ | ० | २ | ० | ३.७४ | १.५ | –५९.८९ |
| (मधेश प्रदेशस्थित जनकपुरधाम, जितपुरसिमरा, कलैया उपमहानगरपालिका तथा जलेशवर र राजविराज नगरपालिकाको विनियोजित बजेट र वास्तविक उपलब्धीको अधारमा गरिएको विश्लेषण ) | | | | | | | | |

*स्रोत : सम्बन्धित स्थानीय तह*

- मधेश प्रदेशका छनोट गरिएका स्थानीय तहहरुले आ.व.२०८०/८१ को समीक्षा अवधिमा अनुमानित राजस्वको ४७.६८ प्रतिशत रकम परिचालन गरेका छन् । उक्त राजस्व रकम अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३४.६५ प्रतिशतले बढेको देखिन्छ ।

- आ.व.२०८०/८१ को समीक्षा अवधिमा स्थानीय तहहरुले अनुदान तथा हस्तान्तरणवापत अनुमान गरेको रकमको २२.९२ प्रतिशत प्राप्ती गरेका छन् । उक्त रकम अघिल्लो वर्षको सोही अवधिको तुलनामा ४३.२६ प्रतिशतले घटेको देखिन्छ ।

# परिच्छेदः ८ आर्थिक परिदृश्य

## ८.१ प्रदेशको आर्थिक परिदृश्य

प्रदेशका कृषि विज्ञ, पशुपंक्षी विज्ञ, मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, डिभिजन वन कार्यालय, उद्योगी/व्यावसायी तथा अन्य सरोकारवाला निकायहरूबाट आर्थिक परिदृश्यसम्बन्धी प्रश्नावलीमार्फत प्राप्त प्रतिक्रिया तथा जानकारीका आधारमा आर्थिक परिदृश्यको विश्लेषण गरिएको छ । यस विश्लेषणका आधारमा मधेश प्रदेशमा कृषि र सेवा क्षेत्रको गतिविधि चालु आर्थिक वर्षको बाँकी ६ महिनाको अवधि र आगामी आर्थिक वर्षहरूमा बढ्दै जाने अनुमान रहेको छ । आन्तरिक मागमा कमी आएका कारणले उद्योग क्षेत्रको गतिविधि चालु आ.व.को बाँकी ६ महिनामा पनि सुस्त रहने देखिन्छ । विकास निर्माणलगायत भौतिक पूर्वाधारको क्षेत्रमा लक्ष्य अनुरुप प्रगति हुन नसकेकोले पुँजीगत खर्च अपेक्षित रुपमा हुन नसक्ने र आर्थिक वर्ष २०८०/८१ मा प्रदेशको आर्थिक वृद्धिदर सामान्य रहने अनुमान छ ।

### ८.१.१ कृषि तथा वनजन्य उत्पादन

मधेश प्रदेशमा खाध तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसालाले ढाकेको क्षेत्रफल वृद्धि भएको, सिँचाईयोग्य जमीनको क्षेत्रफल विस्तार भएको र उन्नत बिउ बिजनको प्रयोग बढेको भएतापनि प्रतिकुल मौसम तथा समयमा वर्षा नभएको कारणले खाद्य तथा अन्य बाली र तरकारी तथा बागवानीको उत्पादन घटेको छ । समग्र कृषि बालीले ढाकेको क्षेत्रफलमा विस्तार भएतापनि धान र उखुले ढाकेको क्षेत्रफल घटेको छ । मधेश प्रदेशका जिल्लाहरूको लागि ठूला सिँचाई आयोजनालगायत परम्परागत सिँचाई प्रणाली पनि विस्तार भइरहेकोले आगामी वर्षहरूमा सिँचाईको सहज उपलब्धताले कृषि बालीको उत्पादनमा सुधार आउने अनुमान रहेको छ ।

साथै, हाँस तथा कुखुरा पालन, राँगा तथा बाखापालन व्यवसाय बढ्नुका साथै थप श्रोत केन्द्र स्थापना भएको, माछापालन व्यवसायका लागि पोखरीहरूको संख्या बढेको आदि कारणहरूले गर्दा आगामी दिनमा दूध, अण्डा, माछा तथा मासु उत्पादनमा वृद्धि हुने देखिन्छ ।

सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत यो प्रदेशको धनुषा र बारा जिल्लालाई माछा पालन सुपरजोन, सिराहा, धनुषा र सर्लाही जिल्लालाई धानको जोन; महोत्तरी, रौतहट र पर्सालाई तरकारी जोन, सिराहा र सप्तरीलाई आँपको जोन र रौतहट जिल्लालाई धानको बिउ जोनको रुपमा घोषणा गरी विभिन्न किसिमका अनुदान, सहुलियत र किसानहरुको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिरहेको हुँदा मधेश प्रदेशमा कृषि क्षेत्रको योगदान आउने वर्षहरुमा क्रमशः बढ्दै जाने देखिन्छ ।

सिँचित जमीनको क्षेत्रफल बढेको, ब्लक तथा पकेट कार्यक्रमबाट सिँचाई तथा कृषि यान्त्रिकीकरण जस्ता व्यवसायिक खेतीका पूर्वाधारहरू बनेको, तरकारी खेतीहरूमा अनुदान प्राप्त भई व्यवसायिक तरकारी खेतीतर्फ किसानहरू अग्रसर रहेकोले उत्पादन परिमाण र खेती गरिएको क्षेत्रफल बढ्ने सम्भावना रहेको छ । तरकारी र फलफूल स्वरोजगार कार्यक्रम, उन्नत जातको बीउबिजन, कस्टम हायरिङ जस्ता सुविधाहरूले तरकारी तथा फलफूल उत्पादनमा थप प्रोत्साहन मिल्ने देखिन्छ ।

### ८.१.२ औद्योगिक उत्पादन

विश्वव्यापी रुपमा कोभिड-१९ को महामारी अन्त्य भएतापनि रुस-युक्रेन युद्धलगायत अन्य भूराजनैतिक क्षेत्रमा देखिएका तनावका कारणले ईन्धनको मूल्य बढ्न गई उत्पादन लागत बढेको, तरलता अभावका कारण ब्याजदर बढेको र छोटो अवधिमा ठूलो संख्यामा युवा जनशक्ति वैदेशिक रोजगारीमा गएका कारण मागमा कमी आए फलस्वरुप उत्पादन क्षमताको उपयोगितामा कमी आउन गएको देखिन्छ ।

बजेटमा विनियोजन भएबमोजिम आशातित रुपमा पुँजीगत खर्च हुन नसकेको, घरजग्गा क्षेत्रमा शिथिलता आएको र निजी क्षेत्रमा समेत ठूला परियोजना कार्यान्वयनमा नरहेका कारण निर्माण क्षेत्र सुस्त रहेकोले निर्माणसँग सम्बन्धित उद्योगहरुको क्षमता उपयोग प्रभावित भएको देखिन्छ । प्रदेशभित्र संचालित वनस्पति घिऊ तथा तेल, चामलको पिठो, पेय पदार्थ, सिमेन्ट, फलामको छड, औषधीजन्य वस्तु उत्पादन गर्ने उद्योगहरूको क्षमता उपयोग गत वर्षको

तुलनामा घटेको छ । विप्रेषण आप्रवाह सन्तोषजनक रहेको र व्यापार घाटामा कमी आएको प्रभावस्वरुप वाह्य क्षेत्रतर्फको चालु खाता तथा शोधनान्तर स्थिति उल्लेख्य बचतमा रहेकाले तरलता स्थितिमा सुधार भई ब्याजदर घट्दो क्रममा रहेको हुँदा आगामी महिनाहरुमा औद्योगिक क्षेत्रको क्षमता उपयोगमा क्रमशः सुधार आउने देखिन्छ ।

### ८.१.३ सेवा क्षेत्र

कुल गार्हस्थ्य उत्पादनमा चालु आर्थिक वर्षको बाँकी अवधि तथा आगामी वर्षमा सेवा क्षेत्रको योगदान क्रमशः बढ्दै जाने अनुमान छ । कोभिड-१९ को संक्रमण समाप्त भएसँगै होटल तथा रेष्टुरेन्टहरूको व्यवसाय विस्तार हुन थालेको, आन्तरिक पर्यटन सम्बन्धी गतिविधि बढ्न थालेको, हवाई तथा स्थल मार्गका यात्रु संख्या बढेको, भारत तथा तेश्रो मुलुकबाट आउने पर्यटकहरूको संख्या बढ्न थालेको, स्वास्थ्य संस्थाहरू पूर्ण रुपमा सञ्चालन हुन थालेको, थोक तथा खुद्रा व्यापार तथा सवारी साधन र विद्यालयहरू पूर्णरुपमा सञ्चालनमा आएकोले आगामी आर्थिक वर्ष सेवा क्षेत्रको आर्थिक वृद्धिमा सुधार हुने देखिन्छ । मधेश प्रदेशमा निर्मित भरत तालले स्वदेशी तथा भारतीय पर्यटकहरू आकर्षित गरेको छ । जयनगर-जनकपुर-कुर्था रेलवे विस्तार हुँदै भंगहासम्म सञ्चालन भएकोले मधेश प्रदेशमा यातायात तथा पर्यटन सेवाको विस्तारमा टेवा पुगेको छ । पूर्व-पश्चिम लोकमार्ग अन्तर्गत सिराहा-सप्तरी खण्डको विस्तार गर्ने कार्य तीव्र गतिमा अगाडि बढिरहेको छ भने मुख्य सहरहरु सफा राख्ने कार्यले प्राथमिकता पाएको छ । यसर्थ, आगामी दिनहरुमा मधेश प्रदेशमा यातायात, पर्यटन, शिक्षा, स्वास्थ्य तथा वित्तीय सेवामा थप विस्तार आउने अनुमान छ ।

### ८.१.४ पूर्वाधार क्षेत्र

भौतिक पूर्वाधार क्षेत्रअन्तर्गत जयनगर भंगहा रेलवे सञ्चालनमा आई वर्दिवाससम्मको बाँकी खण्ड निर्माण हुने क्रममा रहेको छ । हुलाकी राजमार्गको बाँकी काम निर्माणको क्रममा रहेको तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थललाई सरकारले कार्यक्रम तथा बजेटको माध्यमबाट प्राथमिकतामा राखेको छ । पूर्व-पश्चिम लोकमार्ग अन्तर्गत सिराहा-सप्तरी खण्डको विस्तार गर्ने कार्य तीव्र गतिमा अगाडि बढिरहेको छ । त्यस्तै, सुनकोशी मरिन डाईभर्शन परियोजनाको काम अघि बढिरहेको छ । यसर्थ, आगामी आर्थिक वर्षहरूमा पूर्वाधारको क्षेत्रमा थप प्रगति हुने देखिन्छ ।